कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# याम्बालिङ्ग हाईड्रोपावर लिमिटेड

# YAMBLING HYDROPOWER LIMITED

रजिष्टर्ड कार्यालय: ललितपुर म.न.पा.-१०, ललितपुर, नेपाल । टेलिफोन नं. ०१-५४५०९३४
E-mail: yambaling@gmail.com, website: www.yambalinghydropower.com.np

को

# विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीले आफ्नो जारी पूँजी रु. ७०,००,००,०००/- (अक्षरेपी सत्तरी करोड मात्र) मध्ये १०% अर्थात रु. ७,००,००,०००/- (अक्षरेपी सात करोड मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ७,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात सिन्धुपालचोक जिल्लाका (जुगल गाउँपालिका वडा नं. १, २, ३, ४, ५, ६ र ७) स्थानीय बासिन्दाहरुका लागी निष्काशन गरिने छ र बाँकी ३०% अर्थात २१,००,००,०००/- (अक्षरेपी एकाइस् करोड मात्र) रकम बराबरको रु. १००/- अंकित दरको २१,००,००० कित्ता साधारण शेयरको १०% अर्थात २,१०,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नेपालीहरुलाई, ५% अर्थात १,०५,००० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २% अर्थात ४२,००० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी १७,४३,००० कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

**दरखास्त साथ प्रति शेयर अंकित मूल्य रु.१००/– को दरले (शत प्रतिशत भुक्तानी माग गरिएको)**

**संक्षिप्त वित्तीय विवरण :**

| विवरण | वास्तविक (आ.व.) | | | अपरिष्कृत | प्रक्षेपित (आ.व.) | | |
|---|---|---|---|---|---|---|---|
| | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | पौष मसान्त ०८२/८३ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| प्रति शेयर आम्दानी (EPS) | (०.००) | (७.५२) | १.८२ | ६.०८ | ०.०८ | २.८८ | ४.२६ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.०० | ९२.४८ | १०१.८२ | १०६.०८ | १००.०८ | १०२.८८ | १०४.२६ |
| संचित नाफा/नोक्सान | (०) | (३१,५८४,५७०) | ७,६३४,३७४ | २५,५६१,७१६ | ५५३,१०७ | २०,१४९,६३० | २९,७८८,४६२ |

| आयोजना | कुल लागत रकम करोडमा (रु.) | प्रति मेगावाट लागत रकम करोडमा (रु.) | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि |
|---|---|---|---|---|---|
| जलविद्युत आयोजना ७.२७ मे.वा. | १८७.११ | २५.७४ | २५ बर्ष ६ महिना | १०.७६ | १९.८७ |

**विद्युत उत्पादन अनुमति प्राप्त मितिः** २०७३/०६/०९ | **विद्युत उत्पादन अनुमति वहाल रहने मितिः** २१०८/०६/०८

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ (पृष्ठ नं.२२) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण**

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल काठमाडौंले मिति २०८२/१०/८ गते "CARE-NP BB-(Is)" रेटिङ्ग प्रदान गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations, in Nepal) जनाउँदछ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समूहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो सम्बन्धी विवरण यस विवरण पत्रको दफा २२ को (ट) (पृष्ठ नं. ५४) मा उल्लेख गरिएको छ ।

**क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति :** २०८२/१०/८ | **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति :** २०८३/१२/३०

**यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कर्मचारीहरु र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन बर्ष पूरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन ।**

**सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।**

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, वैदेशिक रोजगारीमा गएका नेपालीहरु, कर्मचारीहरु तथा सामुहिक लगानि कोषहरुलाई जारी गरिएको सम्पूर्ण शेयर बिक्री नभएमा बिक्री हुन बाँकी शेयर सर्वसाधारणहरुलाई जारी गरिने शेयरमा थप गरी निष्काशन गरिने छ ।**

**कर्मचारी, सञ्चालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले यस विवरणपत्र मार्फत निष्काशन गरिने प्राथमिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन्**

विद्युत नियमन आयोगबाट कम्पनीको शेयरको सार्वजनिक निष्काशनको लागि सहमति प्रदान गरिएको मितिः २०८०/५/२५

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति २०८२/११/१७ | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०८२/११/२५

**धितोपत्र निष्काशन खुल्ला हुने मिति**

**सर्वसाधारणका लागि**

धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८३/०१/१६

धितोपत्र निष्काशन बन्द हुने मिति : २०८३/०१/२२

धितोपत्र निष्काशन बन्द हुने मिति(ढिलोमा) : २०८३/१/३० (बैंकिङ्ग समय पश्चात्)

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

नारायणचौर, नक्साल, काठमाण्डौ ।
फोन नं.: ०१-४५४६१०८, ४५४६४७०
Email: info@muktinathcapital.com,
Website: www.muktinathcapital.com

**ख १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले मुक्तिनाथ क्यापिटल लिमिटेड कमलादी, काठमाण्डौ सम्झनु पर्दछ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर बुझाउँदछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी याम्बालिङ्ग हाईड्रोपावर लिमिटेड, ज्वागल १०, ललितपुर सम्झनु पर्दछ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ ।

च) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोग, उद्योग विभाग तथा विद्युत विकास विभागलाई सम्झनु पर्दछ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन" भन्नाले याम्बालिङ्ग हाईड्रोपावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

ञ) "आस्वा सदस्य" भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

ट) "साधारण लगानी फिर्ता हुने अवधी" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले कति बर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँदछ ।

ठ) "डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टादरद्वारा (Discount Rate) वर्तमान मुल्यमा परिणत गरि आउने नगद प्रबाहबाट आयोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति बर्षमा आयोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा वुझाउँछ ।

ड) "स्थानियवासी" (प्रभावित क्षेत्र) भन्नाले आयोजनाबाट प्रभावित भएका क्षेत्र अर्थात सिन्धुपालचोक जिल्लाका (जुगल गाउँपालिका वडा नं. १, २, ३, ४, ५, ६ र ७) स्थानीय बासिन्दाहरुको लागि ७,००,००० कित्ता शेयर स्थायी रुपमा बसोवास गर्ने नेपाली तथा यस कम्पनीले आव्हान पत्र प्रकाशित भएको मिति भन्दा अघिल्लो मितिसम्म सोही स्थानमा बँसाईसराई गरी आएका नेपाली नागरिक समेतलाई जनाउँछ ।

ढ) "वित्तिय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय–व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ ।

ण) "खुद सम्पत्ति (नेट वर्थ)" भन्नाले संस्थाको वासलातमा रहने सम्पत्तिको कुल जोडमा वाह्य दायित्वलाई कर्मी कायम हुन आउने रकम सम्झनु पर्छ ।

**ख २. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

| क.सं | विवरणपत्र प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ र वेबसाइट www.muktinathcapital.com |
| २. | याम्बालिङ्ग हाईड्रोपावर लिमिटेड, ज्वागल, ललितपुर र वेबसाइट www.yambalinghydropower.com.np |
| ३. | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ । |

**सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो शेयर"** अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**ग १. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषणः**

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग २. संगठित संस्थाको उद्घोषण :**

**ग.२.क) संचालकको जिम्मेवारी तथा जवाफ देहीता सम्बन्धी**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरूका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरू व्यक्तिगत वा सामूहिक रूपमा जवाफदेहीता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छौं र लगानीकर्ताहरूलाई लगानी सम्बन्धी निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं ।

**ग.२.ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस संगठित संस्थाले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो व्यवसायसँग सम्बन्धीत नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण, विद्युत नियमन आयोग, विद्युत विकास विभाग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्टर्डको कार्यालयमा पेश गरेका छौ । कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/२० को पत्रानुसार आ.व. २०८१/८२ सम्म कम्पनी अद्यावधिक रहेको छ ।

**ग.२.घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण**

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
(३) सार्वजनिक निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

## ग ३. संगठित संस्था सम्बन्धी जानकारी :

### ग ३.क) संगठित संस्थाको पृष्ठभूमि

(अ) **संगठित संस्थाको नाम:** याम्बालिङ्ग हाईड्रोपावर लिमिटेड ( Yambaling Hydropower Limited )

(आ) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(इ) **संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला ल.पु.म.न.पा.वडा नं.१०, ज्वागलमा रहेको छ । सम्बन्धित निकायको स्वीकृति लिई अन्य स्थानमा पनि शाखा तथा सम्पर्क कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय सार्न सकिनेछ ।

(ई) **जलविद्युतकेन्द्र** :यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र सिन्धुपाल्चोक जिल्लाको जुगल गाँउपालिका मा रहेको छ ।

(उ) **संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:**
कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

- याम्बालिङ्ग हाईड्रोपावर लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०६४/०८/०५ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०७८/०५/१३ गते पब्लिक लिमिटेडमा परिणत भएको र मिति २०७८/१०/१३ गते कारोवार स्वीकृति प्राप्त भएको हो । कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला ल.पु.न.पा. वडा नं. १०, ज्वागलमा रहेको छ ।
  नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट मिति २०७३/०६/०९ (वि.वि.वि ०७३/७४ वि.उ. १७२) मा ७.२७ मे.वा विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भएको छ र उक्त अनुमतिपत्र मिति २१०८/०६/०८ गते सम्म बहाल रहनेछ । अनुमतिपत्रको अवधिको अन्त्यमा आयोजना चालु हालतमा निःशुल्क नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ । हस्तान्तरण सम्बन्धी विधि र प्रक्रिया समय समयमा नेपाल सरकारले निर्देशन गरे बमोजिम हुनेछ र आयोजना हस्तान्तरण गर्दा आयोजनाको निर्माण तथा सञ्चालनको लागि खरिद गरिएको जग्गाजमिन समेत, नेपाल सरकारलाई निःशुल्क हस्तान्तरण गरिनेछ ।
- मिति २०८१/१/२० र मिति २०८१/६/११ गते आएको बाढीका कारण हेडवर्क्स, इन्टेक, डिस्यान्डर, पावरहाउस तथा पहुँच मार्गमा क्षति पुऱ्याउँदा मर्मत तथा पुनर्निर्माण खर्च क्रमशः रु.१,३०,७७,१०५/- र रु.१,५८,६८,२८४/- खर्च भएकोमा जम्मा रकम रु.८१,००,०००/- र रु.७२,००,०००/- रकम एनएलजी इन्स्योरेन्सबाट प्राप्त भएको । उत्पादन अवरुद्ध हुँदा विद्युत बिक्रीबाट हुने आम्दानी समेत असर भएको थियो । संरचना पुनः निर्माण तथा सञ्चालन ढिलाइका कारण ब्याज, बीमा प्रिमियम र अन्य वित्तीय लागत समेत असर भएको छ । यस कम्पनीले याम्बालिङ्ग खोलाको पानी उपयोग गरी ७.२७ मेगावाट क्षमताको याम्बालिङ्ग खोला जलविद्युत आयोजना निर्माण गरी विद्युत उत्पादन गर्दै आएको छ ।

संगठित संस्थाको याम्बालिङ्ग खोला जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

| | |
|---|---|
| **विद्युत परियोजनाको नाम:** | याम्बालिङ्ग खोला जलविद्युत आयोजना |
| **आयोजनाको ठेगाना:** | सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका वडा नं.३ |
| **विद्युत गृह स्थल:** | सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका वडा नं.३ |
| **श्रोत नदी:** | याम्बालिङ्ग खोलाको पानी |
| **आयोजनाको किसिम:** | रन अफ रिभर |
| **विद्युत उत्पादन अनुमति प्राप्त मिति:** | २०७३/०६/०९ |
| **विद्युत उत्पादन अनुमति वहाल रहने मिति:** | २१०८/०६/०८ |
| **व्यापारिक उत्पादन शुरु भएको मिति:** | २०८०/११/०८ |
| **जडित क्षमता:** | ७२७० किलोवाट |
| **डिजाईन डिस्चार्ज** | ५.२८ घन मिटर प्रति सेकेन्ड |
| **सरदर वार्षिक उत्पादन** | ३९.४३ गिगावाट घण्टा विद्युत उर्जा |
| **आयोजनाको उत्पादन क्षमता** | ७.२७ मे.वा. |
| **बाँध तथा ईन्टेक (Weir and Intake)** | आयोजनालाई चाहिने पानी लिनको लागि याम्बालिङ्ग खोलामा ८ मी लम्बाई र Crest Elevation समुन्द्री सतहबाट २१३८ मी हुने गरी (Free flow wier) बाँध निर्माण गरिनेछ । बाँध मंगे ८ मी. लम्बाई र.१.२५ मी. चौडाई भएको ईन्टेक (Bottom Intake) निर्माण गरिनेछ । आयोजनाको अधिकतम जल सतह (High Flood Level) समुन्द्री सतहबाट करिब २१४० मी. हुनेछ । |
| **ग्राभल ट्र्याप (Gravel Trap) पहुंच नहर ( Approach Canal) तथा बालुवाा थिग्ग्राउने ट्यांकी (Settling Basin)** | इन्टेक बाट पानीलाई ५.५ मी. लम्बाई ४.८ मी. चौडाई र १ मी. औषत गहिराई भएको ग्राबल ट्र्याप (Grand Trap) द्वारा १ मी. चौडाई र ०.६० मी. उपाई भएको पहुंच नहर (Approach Canal) हुदै ३६.५ मी. लम्बाई ३.५ मी. चौडाई र ३१३ मी गहिराई भएको बालुवा विग्याउने ट्याकी (Settling Basin) सम्म पुऱ्याइनेछ |
| **हेडपन्द (Headpond), हेडरेस पाइप ( Headrace pipe), सर्ज टयाङ्क (Surge Tank):** | बालुवा थिग्ग्राउने ट्यांकीमा जम्मा भएको पानीलाई ६ मी. लम्बाई ७.३ मी. चौडाई र १.२ मी उचाई भएको हेडपन्ड (Headpond), हुदै करीव ३४३९ मी. लम्बाई ९०० मी. मी. व्यास ६ र देखि २८ मी. मी मोटाईको हेडरेस पाइप (Headrace Pipe) मार्फत ४ मी. भित्री व्यास र ३०.३६ मी. उचाई भएको सर्ज टयाङ्क (Surge Tank) मा लगिनेछ । |
| **पेनस्टक पाइप (Penstock Pipe) र विद्युतगृह (Powerhouse):** | सर्ज ट्याङ्क (Surge Tank) बाट पानीलाई १११८ मी लम्बाई ०.७६ मी व्यास र १३ देखि ३१ मी.मी. मोटाइको स्टिल पेनस्टक पाईप Steel Penstock Pipe मार्फत गुम्वा गा.वि.स. मा निर्माण गरिने १६ मी लम्बाई १० मी. चौडाई र १०.६ मी. उचाईको सतही |

| | |
|---|---|
| | विद्युत गृह (Surface powerhouse) मा जडित २ वटा ३,६३६ कि वा क्षमताको पेल्टन टर्वाइन (Horizontal Axis Pelton Turbine) मा खसाली सो टर्वाइन संग जोडिएको ४५५० कि.भो.ए क्षमताको २ वटा Ac Generator (0.85 P.F, 50 Hz, 6.6/33KV) मार्फत ७.२७ मे.वा विद्युत उत्पादन गरिनेछ । |
| **टेलरेस नहर(Tailrace)** | विद्युत उत्पादन पश्चात  निस्कने पानीलाई ३८ मी लम्बाई, १.२ मी चौडाई, ०.६ मी गहिराई र Tailrace level समुन्द्री सतहबाट करीब १३३७.५ मी भएको टेलरेस नहर Rectangular Tailrace Canal मार्फत पुनः याम्बालिङ्ग खोलामै छोडिनेछ । |
| **प्रसारण लाईन(Transmission Line)** | उत्पादित बिद्युतलाई सोही स्थानमा बनाइने स्विचयार्डबाट करिब २५ कि.मी. लम्बाई र ३३ कि.भी. प्रशारण लाईन मार्फत प्रस्तावित बाह्रेबिसे सबस्टेसनमा जोडिनेछ । |

**प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको मुख्य विवरण**

**१. परिचय**

सामाजिक आर्थिक जीवन सुधार्न मात्र नभई विकासको आधारभूत संरचना तयार गर्न विद्युत आवश्यक छ । जलविद्युत आयोजनाको निर्माणले ग्रामीण बासिन्दालाई विद्युत आपूर्ति गर्न सकिने हुँदा यो ग्रामीण विद्युतिकरणका लागि महत्वपूर्ण कदम हुनसक्छ । सिन्धुपाल्चोक जिल्लामा अवस्थित यम्वलिङ्ग खोलामा बांध निर्माण गरी नहरबाट पानी लगेर बिजुली निकाल्न संभाव्य छ भनी याम्बालिङ्ग हाइड्रोपावर लि ले यस आयोजनाको पहिचान गरेको हो । प्रस्तावित जलविद्युत आयोजना आर्थिक, प्राविधिक र वातावरणीय दृष्टिकोणले उपयुक्त छ । सुगम स्थान, राजधानीको नजिक, छोटो प्रवेशमार्ग, प्रसारण लाइनको कम लम्बाई र आयोजनास्थल नजिक निर्माण सामग्री पाइनु प्रस्तावित आयोजनाको मुख्य आकर्षक पक्षहरु हुन् ।

प्रवर्दक कम्पनी याम्बालिङ्ग हाइड्रोपावर लि.ले याम्बालिङ्ग खोला जलविद्युत आयोजना (जडित क्षमता ७.२७१ मेगावाट) निर्माण गर्न इच्छुक छ । वातावरण संरक्षण नियमावली २०५४ (संसोधित २०५५) तथा उर्जा मन्त्रालयवाट स्वीकृत कार्यसूची अनुसार प्रस्तावित आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण कार्य गरिएको छ । प्रबर्द्धक कम्पनीले यो प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गरेको छ । नेपाल सरकारको ऊर्जा मन्त्रालयद्वारा मिति २०६५/०९/१४ मा याम्बालिङ्ग हाइड्रोपावर लि. लाई शुरुमा ३.११ में. वा. जडित क्षमताको सर्वेक्षण अनुमतीपत्र दिएकोमा पुनः मिती २०६८/०५/०१ मा सो क्षमता बढाई ७.२७१ मे वा पुर्‍याइएको थियो । सोही कमोजिमको ३.११ मे. वा. जडित क्षमताको कार्यशुची (TOR) मिति २०६७/०९/१३ मा स्वीकृत भएको थियो र २०६९/०९/०६ मा ऊर्जा मन्त्रालयबाट ७.२७१ मेगावाट जडित क्षमताकी कार्यशुची (Revised TOR) को आधारमा IEE गर्ने अनुमति प्राप्त गरेको थियो । हालसालै तयार पारिएको सभाव्यता अध्ययन प्रतिवेदन (Updated Feasibility Study Report) अनुसार आयोजनाको क्षमता ७.२७१ मेगावाट नै रहेको निष्कर्ष निकालिएको छ ।

यस आयोजनाको विद्युत सर्वेक्षण अनुमतिपत्रको म्याद मिति २०७०/०९/१३ सम्म छ । यस वातावरणीय अध्ययनको मुख्य उदेश्य तथा कार्यहरु आधारभूत तथ्याङ्क संकलन गर्नु, वातावरणीय प्रभावहरुको पहिचान गर्नु तथा प्रभाव न्यूनिकरणका उपायहरु प्रस्ताव गर्नु हो ।

**२. आयोजनाको विवरण**

प्रस्तावित आयोजना मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको गुम्बा गा.वि.स. भित्र पर्छ । आयोजनाको बांध, विद्युतगृह, नहर, बालुवा थिग्राउने पोखरी, हेडरेस पाइप, सर्ज टैंक, पेनस्टक पाइप, टेलरेसे तथा क्याम्प आदि सम्पूर्ण सरचनाहरु याम्बालिङ्ग खोलाको दांया किनारमा गा.वि.स.मा पर्दछ र आयोजनाका सम्पूर्ण संरचना गुम्बा गा.वि.स. भित्र पर्छ । वातावरणीय परिक्षणको सिलसिलामा आयोजना निर्माण तथा संचालन गर्दा प्रभावित हुनसक्ने स्थानहरुलाई खास आयोजना क्षेत्र मानिएको छ । प्रस्तावित यस आयोजना गौरिशंकर संरक्षण क्षेत्रको गुम्बा गा.वि.स भित्र पर्छ ।

प्रस्तावित नदी प्रवाही आयोजनाको डिजाइन बहाव १.१७ क्यूविक मिटर प्रतिसेकेण्ड र रेटेड डिजाईन ग्रस हेड ७९८ मिटर रहेको छ । आयोजनाका सम्पूर्ण संरचनाहरु खोलाको दाया किनारमा पर्छ । याम्बालिङ्ग खोला सुनकोशी नदीको सहायक नदी हो । प्रस्तावित आयोजनाको बाँधस्थलमा याम्बालिङ्ग खोलाको जलाधार क्षेत्र १४.१५ वर्ग कि.मि. फैलिएको छ । निर्माणकालमा अधिकतम १५० जना कामदार हुनेछन् भने आयोजना संचालनकालमा लगभग १० देखि १५ जनासम्म कर्मचारी रहने छन् ।

प्रस्तावित आयोजनाबाट उत्पादित विद्युतराति ने. वि. प्रा.की लामोसांघु सवस्टेशनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीसंग आवद्ध गर्न ३३ के. भी क्षमताको करिब २० कि मि लामो प्रसारण लाइन निर्माण गर्नु पर्ने हुन्छ ।

**३. अध्ययन विधि**

पूर्व तयारी अध्ययन, स्थलगत अवलोकन भ्रमण तथा म्याट्रिक्स प्रणालीद्वारा वातावरणीय प्रभावको पहिचान गर्ने पक्रिया विधिमा समावेश छ । पूर्वतयारी अध्ययनमा आयोजनाको संभाव्यता अध्ययन प्रतिवेदन तथा अन्य यस्तै आयोजनाहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पुनरावलोकन गरियो । समुहमा छलफल तथा गा. वि. सं. का प्रतिनिधि र स्थानीय व्यक्तिहरुसंग अन्तरक्रिया गरियो । त्यसैगरी, आयोजनाबाट प्रभावित हुन सक्ने परिवारहरुमा प्रश्नावली सर्वेक्षण गरियो ।

**४. ऐन, नीति, नियम**

यो प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा प्रचलित ऐन, मीति नियम, विनियम, मार्गदर्शन, सन्धि सम्झौता र रणनीतिको अनुशरण गरिने छ ।

## ५. आयोजना क्षेत्रको विद्यमान वातावरणीय स्थितिको विवरण

### क. भौतिक विवरण

आयोजना क्षेत्र समउष्ण जलवायु क्षेत्र भित्र पर्दछ । यहाँको न्यूनतम तापक्रम ५ डिग्री सेल्सियस तथा अधिकतम तापक्रम २५ डिग्री सेल्सियस रेकर्ड गरिएको छ। बार्षिक वर्षा १७५० देखी २२०० मिलिमिटर रहेको छ । भौगर्भिक दुष्टिले हिमालयको कमजोर तल्लो श्रृखलामा पर्छ र विभिन्न किसिमका चट्टानहरु पाइन्छन् । आयोजना क्षेत्रको भूउपयोग हेर्दा खेतवारी, गौचर, खरवारी, बुट्यान, बस्ती, तथा खोलानाला पाइन्छ ।

### ख. जैविक वातावरण

सिन्धुपाल्चोक जिल्लालाई समग्र रुपमा हेर्दा वनस्पति समउष्णदेखि समशितोष्ण प्रकारका छन् । चिलाउने, उतिस, गुरास, खराने, खयर, ओखर, सल्ला, सिन्धुरे र फलाट यस क्षेत्रमा पाइने रुखका मूख्य प्रजातिहरु हुन । गुम्बा गाबिस मा सरकारी वन अधिकांश रहेको र आयोजनाले पनि सरकारी बन ओगट्ने देखिन्छ ।

स्तनधारी जन्तुका विभिन्न प्रजातिहरु आयोजना क्षेत्रमा पाइन्छन् । माछाका ४ प्रजातिहरु याम्बालिङ्ग खोलामा पाइने बताइन्छ ।

### ग. सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण

आयोजना क्षेत्रका गा.वि.स.हरुको कुल जनसंख्या ३.३४८ रहेको छ जस अन्तर्गत १७३१ पुरुष तथा १६१७ महिला पर्दछन । तामाङ्ग, क्षेत्री, ब्राम्हण, कामी, नेवार, सार्की यस क्षेत्रमा वसोवास गर्ने मुख्य जातिहरु हुन् ।

कृषि यस क्षेत्रमा मुख्य पेशाको रुपमा रहेको छ । आयश्रोतको अर्को मुख्य बाटोको रुपमा (वैदेसिक रोजगारी) रोजगारीको लागी काठमाडौ, भारत वा विदेश जाने प्रचलन रहेको छ । सडक छेउ सानातिना व्यापार व्यवसाय गरेर पनि कतिपय स्थानीय मानिसले जीवन निर्वाह गरेका छन् । याम्बालिङ्ग खोलाको पानी हस्त्री लटिय क्षेत्रमा सिचाई, पानीघट्ट तथा लघु जलविद्युत आयोजना आदिको लागि प्रयोग भएको पाईदैन ।

## ६. बातावरणीय प्रभाव

भू-सतहमा परिवर्तन, भुउपयोगमा असर परिवर्तन, वायु, जल तथा ध्वनि प्रदूषण, फोहरमैला तथा माटी व्यवस्थापन आदि भौतिक बातावरणमा पर्न सक्ने मुख्य असरहरु हुन् ।

जैबिक बाताबरणामा पर्ने मुख्य असरहरुमा सरकारी वन क्षेत्र पर्ने हुनाले सो क्षेत्र केही प्रभावित हुन्छ । बाधदेखि विद्युतगृहसम्म याम्बालिङ्ग खोलाको भागमा पानीको बहाव कम हुनेछ । याम्वालिङ्ग खोलामा लामो दुरी बसाई सर्ने माछाका प्रजातिहरु नभएको हुनाले माछामा प्रभाव न्यून पर्ने देखिन्छ । बाँधस्थलदेखि विद्युतगृहसम्म जम्मा ४५ कि.मी. क्षेत्रमा सुख्खा याममा पानीको बहाव कम हुनेछ ।

सामाजिक, आर्थिक तथा साास्कृतिक वातावरणमा न्यून नकारात्मक प्रभाव पर्ने देखिन्छ भने स्थानीय रोजगारीको अवसर, प्राविधिक सिप विकास, स्थानीय विकास तथा राजस्व वृद्धि आदि प्रस्तावित आयोजनाका मुख्य सकारात्मक प्रभावहरु रहेका छन् ।

करिब १.४१ हेक्टर निजी (खेत) जमिन आयोजनाकोलागि आवश्यक पर्नेछ । आयोजनाबाट खासै नकारात्मक असर पर्ने देखिदैन । तथापि स्थानीय रोजगारीका अवसर, व्यापार तथा भौतिक सुविधामा वृद्धि, प्राविधिक दक्षताको अभिवृद्धि, स्थानीय विकास, रोयल्टी जस्ता उपलब्धि तथा अवसरहरुबाट आयोजनाको क्षेत्रका स्थानीय जनता लाभान्वित हुने छन् ।

## ७. वैकल्पिक अध्ययन

यस आयोजना निर्माणमा उपलब्ध सस्तो तथा दियो प्रविधि प्रयोग हुनेछ । देशमा अन्य मझौला तथा साना आयोजनाहरुको सफल कार्यान्वयन गरिए झै यस आयोजनाको पनि निर्माण गर्न सकिनेछ । वर्षातको समय बाहेक अन्य समयमा काम गर्ने गरी निर्माण कार्यतालिका कायम गरिने छ । वातावरणीय दृष्टिकोणले खोलाको अधिकतम बहावलाई व्यवधान रहित प्रवाह गर्नको लागि बाधको उचाइ तुलनात्मक रुपमा कम राखिएको छ । हाल देशमा जम्मा विद्युत सुविधा कम उपलब्ध रहेको अवस्थामा यस्ता आयोजना कार्यान्वयन गर्नु राम्रो विकल्प देखिएको छ ।

## ८. वातावरणीय व्यवस्थापन सम्बन्धि न्यूनीकरण तथा अभिवृद्धिका उपायहरु

भौतिक वातावरणमा पर्न सक्ने असरहरुलाई न्यूनिकरण गर्नको लागि भिरालो जग्गाको उनित व्यवस्थापन फोहरमैला तथा माटोको व्यवस्थापन, मोटरगाडी तथा यन्त्रहरुको प्रदुषण नियन्त्रण जस्ता उपायहरु सुझाइएका छन् । वायु प्रदुषण नियन्त्रणको लागि दिनको दुई चोटी पानी छर्किने तथा निर्माणस्थललाई सुरक्षित पार्ने न्यूनिकरणका उपायहरु प्रस्ताव गरिएको छ ।

जैविक वातावरणमा वैकल्पिक इन्धनको व्यवस्था, गैरकानूनी सिकारमा प्रतिवन्ध र सुख्खा याममा बलेफि खोलामा ०.०३ क्यूमेक्स पानी छाडने उपायहरु गरिने छ ।

सामाजिक आर्थिक तथा सास्कृतिक वातावरणमा पर्न सक्ने असरलाई न्यूनिकरण गर्न जग्गाको उचित मूल्य, क्याम्पको व्यवस्था, जनचेतना कार्यक्रमको कार्यान्वयन, सुरक्षा सम्बन्धि उचित व्यवस्था, सिप विकास तालिम तथा स्थानीय रोजगारीलाई प्राथमिकता आदि कुराहरु प्रस्ताव गरिएका छन् साथै वालश्रमलाई निषेधित गरिनेछ ।

वातावरणीय प्रभाव न्यूनिकरणको लागि कुल रकम रु ५४,२६,७५०/- लाग्ने अनुमान गरिएको छ । प्रस्तावित न्यूनिकरणका उपायहरु लागु गर्ने मुख्य दायित्व याम्बालिङ्ग हाइड्रोपावर लि. को हुनेछ । प्रस्तावकले सो कामको लागि आवश्यवा पर्ने जनशक्तिहरु

परिचालन गर्नेछ । प्रभाव न्यूनिकरणका उपायहरु कार्यान्वयन गर्दा स्थानीय निकाय तथा नेपाल सरकारको सम्बन्धित निकायहरुसित समन्वय गरिनेछ ।

## ९. वातावरणीय अनुगमन योजना

आयोजनाको विभिन्न चरणमा आधार अनिवार्य तथा प्रभाव अनुगमनको प्रस्ताव गरिएको छ। प्रस्तावित अनुगमन कार्यको दायित्व याम्बालिङ्ग हाइड्रोपावर लि.मा रहनेछ । अनुगमन कार्यको लागि जम्मा अनुमानित रकम ८,१५,००,०००/ छुटयाइएको छ ।

## १०. उपसंहार

प्रारम्भिक बातावरणीय परिक्षण अध्ययनले देखाए बमोजिम प्रस्तावित आयोजना कार्यान्वयन गर्दा भौतिक, जैविक एवं सामाजिक आर्थिक तथा सास्कृतिक वातावरणमा पर्न सक्ने असरहरु न्यून तथा व्यवस्थित गर्ने सकिने किसिमका छन् । प्रस्तारित आयोजनाको लागि यस प्रारम्भिक वातावरणीय परिक्षण पर्याप्त रहेको र थप अध्ययन गर्नु पर्ने देखिदैन । तसर्थ प्रस्तावित याम्वालिङ्ग खोला जलविद्युत आयोजना (जडित क्षमता ७.२७१ मेगावाट) को लागि तयार पारिएको यस प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनको आधारमा उक्त आयोजना कार्यान्वयन गर्न उचित देखिन्छ ।

**आयोजनाको कुल लागतः** रु. १,८७,११,५६,३१५/-
**आयोजनाको प्रति मेगावाट लागतः** रु. २५,७३,८०,५११/-
**आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि :** १०.७६ वर्ष
**आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधिः** १९.८७ वर्ष
Net Present Value (NPV) (रु.) : १८,०५,२५,५६७/-
Internal Rate of Return: ९.४३ प्रतिशत
NPV तथा IRR गणना गर्दा Average Cost of Capital विधि अनुरुप गणना गरिएको छ ।

### लगानी फिर्ता हुने अवधि, इन्टर्नल रेट अफ रिर्टन तथा नेट प्रजेण्ट भ्यालूको गणना तालिका

| आ. व. | वर्ष | कुल परियोजना लागत | लाभ | लागत/लाभ | संचयी लागत/लाभ | छुट कारक ८.२५% | वर्तमान मूल्य | संचयी वर्तमान मूल्य |
|---|---|---|---|---|---|---|---|---|
| २०८०-८१ | १ | १,८७१,१५६,३१५ | ८४,३१५,८९३ | -१७८६८४०४२२ | -१७८६८४०४२२ | १ | -१,७८६,८४०,४२२ | -१७८६८४०४२२ |
| २०८१-८२ | २ | | २३६,३९७,८७९ | २३६३९७८७९ | -१५५०४४२५४४ | ०.९२ | २१८,३८१,४१२ | -१५६८४५९०१० |
| २०८२-८३ | ३ | | ८५,६६३,७१३ | ८५६६३७१३ | -१४६४७७८८३१ | ०.८५ | ७३,१०३,९९१ | -१४९५३५५०२० |
| २०८३-८४ | ४ | | १३५,७५६,६६७ | १३५७५६६६७ | -१३२९०२२१६३ | ०.७९ | १०७,०२३,०८२ | -१३८८३३१९३८ |
| २०८४-८५ | ५ | | २२२,३७७,०३२ | २२२३७७०३२ | -११०६६४५१३१ | ०.७३ | १६१,९४९,०१५ | -१२२६३८२९२३ |
| २०८५-८६ | ६ | | १६५,७५३,७५३ | १६५७५३७५३ | -९४०८९१३७८.२ | ०.६७ | १११,५१२,५७५ | -१११४८७०३४८ |
| २०८६-८७ | ७ | | २१०,५५३,२९२ | २१०५५३२९२ | -७३०३३८०८६.३ | ०.६२ | १३०,८५६,२९१ | -९८४०१४०५७ |
| २०८७-८८ | ८ | | २१६,७८६,६७६ | २१६७८६६७६ | -५१३५५१४१०.२ | ०.५७ | १२४,४६२,१३६ | -८५९५५१९२१ |
| २०८८-८९ | ९ | | १८७,९९३,३०८ | १८७९९३३०८ | -३२५५५८१०२.५ | ०.५३ | ९९,७०५,५०८ | -७५९८४६४१३ |
| २०८९-९० | १० | | १९३,९६०,२२५ | १९३९६०२२५ | -१३१५९७८७७.२ | ०.४९ | ९५,०३०,१७६ | -६६४८१६२३७ |
| २०९०-९१ | ११ | | १७३,८४७,४५१ | १७३८४७४५१ | ४२२४९५७३.९५ | ०.४५ | ७८,६८४,५१६ | -५८६१३१७२१ |
| २०९१-९२ | १२ | | १९१,०४३,६५२ | १९१०४३६५२ | २३३२९३२२५.९ | ०.४२ | ७९,८७७,७१९ | -५०६२५४००२ |
| २०९२-९३ | १३ | | २०२,०४२,५९९ | २०२०४२५९९ | ४३५३३५८२४.४ | ०.३९ | ७८,०३८,३५१ | -४२८२१५६५१ |
| २०९३-९४ | १४ | | १७७,०७६,७०७ | १७७०७६७०७ | ६१२४१२५३१.३ | ०.३६ | ६३,१८२,७७१ | -३६५०३२८७९ |
| २०९४-९५ | १५ | | १८९,९३३,०८६ | १८९९३३०८६ | ८०२३४५६१७.५ | ०.३३ | ६२,६०५,१३५ | -३०२४२७७४४ |
| २०९५-९६ | १६ | | १७९,७५२,१३५ | १७९७५२१३५ | ९८२०९७७५२.८ | ०.३० | ५४,७३३,७८५ | -२४७६९३९५९ |
| २०९६-९७ | १७ | | २०१,४२०,४९८ | २०१४२०४९८ | ११८३५१८२५१ | ०.२८ | ५६,६५७,४७१ | -१९१०३६४८८ |
| २०९७-९८ | १८ | | २२८,८२३,०२४ | २२८८२३०२४ | १४१२३४१२७४ | ०.२६ | ५९,४६०,०५९ | -१३१५७६४२९ |
| २०९८-९९ | १९ | | १७९,१७०,५२९ | १७९१७०५२९ | १५९१५११८०३ | ०.२४ | ४३,००९,४८९ | -८८५६६९४० |
| २०९९-२१०० | २० | | २१३,४४४,९८४ | २१३४४४९८४ | १८०४९५६७८७ | ०.२२ | ४७,३३२,०९८ | -४१२३४८४२ |
| २१००-०१ | २१ | | १७७,६३८,८१२ | १७७६३८८१२ | १९८२५९५५९९ | ०.२० | ३६,३८९,८०८ | -४८४५०३४ |
| २१०१-०२ | २२ | | १४१,७४३,४९४ | १४१७४३४९४ | २१२४३३९०९३ | ०.१९ | २६,८२३,६०४ | २१९७८५७० |
| २१०२-०३ | २३ | | १७५,७४९,३४३ | १७५७४९३४३ | २३०००८८४३६ | ०.१७ | ३०,७२४,१४५ | ५२७०२७१४ |
| २१०३-०४ | २४ | | १७४,६४५,२५३ | १७४६४५२५३ | २४७४७३३६८९ | ०.१६ | २८,२०४,२७७ | ८०९०६९९१ |
| २१०४-०५ | २५ | | २०८,४१८,४०१ | २०८४१८४०१ | २६८३१५२०९० | ०.१५ | ३१,०९३,२६६ | ११२०००२५७ |
| २१०५-०६ | २६ | | १७२,०५३,८९० | १७२०५३८९० | २८५५२०५९७९ | ०.१४ | २३,७११,९२८ | १३५७१२१८५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१०६-०७ | २७ | | १७०,५३४,३३६ | १७०५३४३३६ | ३०२५७४०३१५ | ०.१३ | २१,७११,३२४ | १५७४२३५०९ |
| २१०७-०८ | २८ | | १६८,८३९,३६५ | १६८८३९३६५ | ३१९४५७९६८१ | ०.१२ | १९,८५७,३०४ | १७७२८०८१२ |
| २१०८-०९ | २९ | | १६६,९४५,०२१ | १६६९४५०२१ | ३३६१५२४७०२ | ०.११ | १८,१३८,११४ | १९५४१८९२६ |

आयोजनाको विद्युत खरिद सम्झौताका वखत र वित्तीय व्यवस्थापनको क्रममा आयोजनाको प्रक्षेपित लागत र व्यवसायिक उत्पादन भए पश्चातको वास्तविक लागतमा परेको फरकको विवरण:

| क्र.सं. | विवरण | रकम (रु.) | अन्तिम लागत | प्रारम्भिक लागत अनुमान | फरक | फरक प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| १ | सिभिल कार्य | ४०५४५२८३९ | ४०५४५२८३९ | २७४०४३६५८.५ | १३१४०९१८०.५ | ४८% |
| २ | इलोक्ट्रो मेकानिकल कार्य Electromechanical works | ३२८७५२२४१ | ३२८७५२२४१ | २४८३७८३७२ | ८०३७३८६९ | ३२% |
| ३ | हाईड्रो मेकानिकल कार्य Hydromechanical works | २५१७९२१५९ | २५१७९२१५९ | २१००६२४३६.५ | ४१७२९७२२.५ | २०% |
| ४ | प्रशारण लाईन Transmission Line | ८२६२८५४८ | ८२६२८५४८ | ३४६६५००० | ४७९६३५४८ | १३८% |
| ५ | जग्गा खरिद तथा विकास Land Purchase and Development | ५०६४७४१७ | ५०६४७४१७ | ६५०००००० | -१४३५२५८३ | -२२% |
| ६ | वतावरण प्रभाव न्यूनीकरण लागत Enviromental Mitigation Cost | ३२६५८६५७ | ३२६५८६५७ | २७५००००० | ५१५८६५७ | १९% |
| ७ | व्यवस्थापन, इन्जिनियरिङ्ग डिजाइन तथा पर्यवेक्षण | ११६०३२१७८ | ११६०३२१७८ | ७४५५०००० | ४१४८२१७८ | ५६% |
| ८ | कार्यालय उपकरण | १७१९६२०४ | १७१९६२०४ | १५,५४६,००० | १६५०२०४ | ११% |
| ९ | पूर्वाधार विकास तथा बाटो | ६३४९५७१७ | ६३४९५७१७ | ५७६३०००० | ५८६५७१७ | १०% |
| १० | कार्यालय भवन तथा शिविर Site Office Building and Camping | १५५०७६९२ | १५५०७६९२ | ११८६५००० | ३६४२६९२ | ३१% |
| ११ | पुर्व सञ्चालन लगत Pre Operating cost | ५६८१३८१२ | ५६८१३८१२ | ३२५००००० | २४३१३८१२ | ७५% |
| १२ | विमा तथा आाकस्मिक Insurance and Contingencies | ३०८२०६९३ | ३०८२०६९३ | ३७६००००० | -६७७९३०७ | -१८% |
| १३ | निर्माण समय व्यज interest During Construction | ३३७९१७६१६ | ३३७९१७६१६ | ११०६५९५३३ | २२७२५८०८३ | २०५% |
| १४ | पहिरो र नदी संरक्षण | ४५२८४९९९ | ४५२८४९९९ | - | ४५२८४९९९ | ०% |
| १५ | Hard rock Excavation | ३६१५५५४३ | ३६१५५५४३ | - | ३६१५५५४३ | ०% |
| | **कुल जम्मा Grand Total** | **१,८७१,१५६,३१५** | **१,८७१,१५६,३१५** | **१,२००,०००,०००** | **६७१,१५६,३१५** | |

| | | | | |
|---|---|---|---|---|
| प्रति मेगावाट लागत | ७.२७ | २५७,३८०,५११ | १६५,०६१,८९८ | ९२,३१८,६१३ |

**नोट:** कम्पनीद्वारा निर्माण गरिएको ७.२७ मे.वा. क्षमताको याम्बालिङ्ग जलविद्युत आयोजना निर्माण अवधिमा अमेरिकी डलरको विनिमय दरमा आएको उतार-चढावका कारण आयातित उपकरण, प्रविधि तथा ऋणको लागत बढ्न गई आयोजनाको कुल खर्च प्रारम्भिक अनुमानभन्दा बढी हुन पुगेको छ । साथै, निर्माण अवधिमा कोभिड-१९ को प्रभावले आयोजनाको निर्माण कार्य अवधि बढेको हुनाले आयोजनाको लागत थप वृद्धि भएको हो ।

- एन.एम.बी बैंक लिमिटेड संग याम्बालिङ्ग खोला जलविद्युत आयोजना निर्माण गर्न रु.१४०.५९ करोड ऋण सम्झौता याम्बालिङ्ग हाईड्रोपावर लिमिटेडसँग भएको छ ।

- यो विवरणपत्र तयार गर्दा सम्म मिति आ.व. २०८१/८२ तथा २०८२/८३ कार्तिक महिना सम्म विद्युत उत्पादनको आय विवरणको परिमाण ।

| महिना | उर्जा परिमाण (सम्झौता अनुरुप) | उर्जा परिमाण (विद्युत उत्पादन) | फरक परिमाण | प्रतिशत | दर रु. | विक्री रकम | आय विवरण रु. |
|---|---|---|---|---|---|---|---|
| **आ.व. ०८०/८१** | | | | | | | |
| फागुन | १३९९७३६ | ४६०४७० | (९३९२६६ | -६७.१०% | ८.४ | ३८६७९४८ | ३३००७४४ |
| चैत्र | ९५६२५६ | ६३२२३० | (३२४०२६ | -३३.८८% | ८.४ | ५३१०७३२ | ५१६३५६२ |
| बैशाख | ११९२०७० | ५३८७८० | (६५३२९० | -५४.८०% | ४.८ | २५८६१४४ | २५१२५९० |
| जेष्ठ | १२८९८९९ | ७५२२५० | (५३७६४९ | -४१.६८% | ४.८ | ३६१०८०० | ३५११८६९ |
| आषाढ | ५१९५८७५ | ३५१६२७० | (१६७९६०५ | -३२.३३% | ४.८ | १६८७८०९६ | १६४०६२१८ |
| **आ.व. ०८१/८२** | | | | | | | |
| श्रावण | ५०३३५०४ | ५००८९२० | (२४५८४ | -०.४९% | ४.८ | २४०४२८१६ | २३,२०१,८७५ |
| भाद्र | ५०३३५०४ | ४७९२१९० | (२४१३१४ | -४.७९% | ४.८ | २३००२५१२ | २२,३९८,८१८ |
| आश्विन | ५०३३५०४ | ४२८५२१० | (७४८२९४ | -१४.८७% | ४.८ | २०५६९००८ | १९,९९३,४०३ |
| कार्त्तिक | ४४७२५३८ | ३६५६३१० | (८१६२२८ | -१८.२५% | ४.८ | १७५५०२८८ | १६,९१७,१८९ |
| मंसिर | ३३८८१९१ | २१०३२२० | (१२८४९७१ | -३७.९२% | ४.८ | १००९५४५६ | ९,३५०,४६२ |
| पौष | २६६५०९३ | १३९१९२० | (१२७३१७३ | -४७.७७% | ८.४ | ११६९२१२८ | १०,६४२,६४१ |
| माघ | १८५२९१९ | १०६०५७० | (७९२३४९ | -४२.७६% | ८.४ | ८९०८७८८ | ८,३३६,२२८ |
| फागुन | १३९९७३६ | ८८७७८० | (५११९५६ | -३६.५८% | ८.६५ | ७६७९२९७ | ६,९८८,८३९ |
| चैत्र | ९५६२५६ | ७९३९७० | (१६२२८६ | -१६.९७% | ८.६५ | ६८६७८४०.५ | ५,९८६,९५३ |
| बैशाख | ११९२०७० | ९०६५५० | (२८५५२० | -२३.९५% | ४.९४ | ४४७८३५७ | ३,३६९,०४३ |
| जेष्ठ | १२८९८९९ | १६४४६२० | ३५४७२१ | २७.५०% | ४.९४ | ८१२४४२२.८ | ५,८७३,६१३ |
| आषाढ | ५१९५८७५ | ४०३२७५० | (११६३१२५ | -२२.३९% | ४.९४ | १९९२१७८५ | १९,१६९,७३१ |
| **आ.व. ०८२/८३** | | | | | | | |
| श्रावण | ५०३३५०४ | ५१६०५२० | १२७०१६ | २.५२% | ४.९४ | २४८६५५०९.८ | २३,९३५,७६७ |
| भाद्र | ५०३३५०४ | ५१६३०४० | १२९५३६ | २.५७% | ४.९४ | २४८६५५०९.८ | २४,३६६,०३९ |
| आश्विन | ५०३३५०४ | ५०१९०४० | (१४४६४ | -०.२९% | ४.९४ | २४८६५५०९.८ | २४,६३२,९१० |
| कार्त्तिक | ४४७२५३८ | ४१८९२७० | (२८३२६८ | -६.३३% | ४.९४ | २२०९४३३७.७ | २०,५६४,७४० |
| मंसिर | ३३८८१९१ | २५०६७१६ | (८८१४७५ | -२६.०२% | ४.९४ | १६७३७६६४ | |

**नोटः** यस आयोजनामा पानीको बहाव डिजाइन क्षमताभन्दा कम हुँदा टर्बाइन पूर्ण क्षमतामा सञ्चालन हुन सक्दैन, जसका कारण वास्तविक विद्युत उत्पादन घट्छ । आयोजना पूर्ण रूपमा प्राकृतिक नदी बहावमा निर्भर हुने भएकाले मौसमी परिवर्तनको प्रत्यक्ष प्रभाव पर्छ । साथै, मिति २०८२/३/१३ गते अविरल वर्षाका कारण याम्बालिङ्ग खोलामा आएको लेदो तथा माटोयुक्त बाढीले इन्टेक संरचनामा क्षति पु¥याएको र विद्युत प्राधिकरणको निर्देशनअनुसार Forced Outage (विद्युत उत्पादन घटाउनुपर्ने अवस्थाका कारण) गर्नुपरेकाले यस जलविद्युत आयोजनाको विद्युत उत्पादनमा उल्लेखनीय कमी आएको छ ।

कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजार तथा अन्य उपकरणहरुको पुनस्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका विमाहरू गरेको छ ।

यस ७.२७ मेगावाट क्षमताको याम्बालिङ्ग खोला जलविद्युत आयोजनाको कुल लागत रु. १,८७,११,५६,३१५/-रहेका छ । प्रति मेगावाट उत्पादन लागत रु. २५,७३,८०,५११/- रहेको छ । याम्बालिङ्ग खोला जलविद्युत आयोजनाको कुल लागतको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | सिभिल कार्य | ४०५,४५२,८३९ |
| २ | इलोक्ट्रो मेकानिकल कार्य Electromechanical works | ३२८,७५२,२४१ |
| ३ | हाईड्रो मेकानिकल कार्य Hydromechanical works | २५१,७९२,१५९ |
| ४ | प्रशारण लाईन Transmission Line | ८२,६२८,५४८ |
| ५ | जग्गा खरिद तथा विकास Land Purchase and Development | ५०,६४७,४१७ |
| ६ | वतावरण प्रभाव न्यूनीकरण लागत Enviromental Mitigation Cost | ३२,६५८,६५७ |
| ७ | व्यवस्थापन, इन्जिनियरिङ्ग डिजाइन तथा पर्यवेक्षण | ११६,०३२,१७८ |
| ८ | कार्यालय उपकरण | १७,१९६,२०४ |

| | | |
|---|---|---|
| ९ | पूर्वाधार विकास तथा बाटो | ६३,४९५,७१७ |
| १० | कार्यालय भवन तथा शिविर Site Office Building and Camping | १५,५०७,६९२ |
| ११ | पुर्व सञ्चालन लगत Pre Operating cost | ५६,८१३,८१२ |
| १२ | विमा तथा आाकस्मिक Insurance and Contingencies | ३०,८२०,६९३ |
| १३ | निर्माण समय व्यज Interest During Construction | ३३७,९१७,६१६ |
| १४ | पहिरो र नदी संरक्षण | ४५,२८४,९९९ |
| १५ | Hard rock Excavation | ३६,१५५,५४३ |
| | **कुल जम्मा Grand Total** | **१,८७१,१५६,३१५** |

- कम्पनीले निर्माण गर्दै गरेको याम्बालिङ्ग खोला जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७२/०९/२९ गते ७.२७ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको र विद्युत खरिद बिक्री सम्झौता पहिलो संशोधन मिति २०७४/११/२२ गते, दोस्रो संशोधन मिति २०७५/०५/२५ गते, तेस्रो संशोधन २०७७/०३/१८, चौँथो संशोधन २०७७/१२/२८ र पाँचौ संशोधन २०७८/०८/१४ गते , छैंठौ संशोधन २०७९/०८/०९ , सातौं संशोधन २०७९/१२/३०, आठौं संशोधन २०८०/९/६ र नवौं संशोधन २०८१/६/८ सम्पन्न भएको छ ।
- कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७०/०९/१९ गते कनेक्सन सम्झौता भएको छ जस अन्तर्गत यस आयोजनाको Delivery Point बाह्रविसे स्थित प्राधिकरणको निर्माणाधिन सवस्टेशनमा रहेको छ । छैंठौ संशोधन २०७९/०८/०९ गते PPA/CA को व्यवस्था वमोजिम आयोजनाको निर्माण सम्पन्न हुने समय भित्रै ने.वि.प्रा.को दायित्व भित्र पर्ने प्रसारण संरचनाहरुको निर्माणकार्यमा ढिलाई हुने देखिएको कारण कम्पनीले आयोजनावाट उत्पादीत विद्युत वैकल्पिक व्यवस्था याम्वलिङ्ग खोला जलविद्युत आयोजना (७.२७ मे.वा.) वाट बलेफी हाइड्रो पावर लि. ले निर्माण गरेको माथिल्लो बलेफी ए ज.वि.आ. को स्विचयार्ड सम्म ३३ के.भि. लाइन निर्माण गरी १३२०३३ को ट्रान्सफरमर जडान गरी बलेफी ए ज.वि.आ. को स्विचयार्ड १३२ के.भि. बसवारमा कनेक्सन गरियो र तत्पश्चात माथिल्लो बलेफी ए ज.वि.आ देखि लामोसाँघु सम्म बलेफी हाइड्रो पावर लि. ले निमार्ण गरेको १३२ के भि. प्रसारण लाइन मार्फत ने.वि.प्रा.को प्रणालीमा विद्युत प्रवाह गराउन प्रस्ताव गरियो ।

| | |
|---|---|
| प्रसारण लाईनको दुरी अप्पर वलेफी ए जलविद्युत केन्द्र सम्म | ७ कि.मि |
| अप्पर वलेफी ए जलविद्युत केन्द देखि लामोसाँघु सम्म | २१ कि.मि |
| प्रसारण लाईन जोडिने नेपाल बिद्युत प्राधिकणको सब-स्टेसन | लामोसाँघु, नेपाल विद्युत प्राधिकरण |
| खम्बा (Pole) को संख्या अप्पर वलेफी ए जलविद्युत केन्द्र सम्म | ९६ वटा ३३ के.भी |
| टावरको संख्या अप्पर वलेफी ए जलविद्युत केन्द्र देखि नेपाल बिद्युत प्राधिकणको सब-स्टेसन | ५८ वटा टावर १३२ के.भी |
| भोल्टेज लेबल अप्पर वलेफी ए जलविद्युत केन्द्र सम्म | ३३ के.भी |
| भोल्टेज लेबल अप्पर वलेफी ए जलविद्युत केन्द्र देखि | १३२ के.भी |
| निर्माण प्रगति प्रतिशत | १००% |
| **प्रसारण लाईन सम्बन्धी अनुमति सम्बन्धी विवरण** | |
| बिद्युत प्रसारणको अनुमती पत्र जारि मिति | २०८१/१/२१ |
| बिद्युत प्रसारणको अनुमति बहाल रहने अबधि | २११०८/०६/०८ |

बलेफी ए जलविद्युत आयोजनाले निमार्ण गरेको स्वीचयार्ड प्रयोग गर्ने सम्बन्धमा भएको सम्झौताको मुख्य- मुख्य बुँदाहरु देहाय बमोजिम:

**Balephi Hydropower Limited referred as Company One and Yambling Hydropower Limted referred as Company Two**

The Parties have entered into the Transmission Line Ownership Sharing Agreement dated 11th Aswin, 2078 (hereafter referred as "Principal Agreement") in relation to the construction, ownership, operation and maintenance of 132 kV single circuit transmission line and substation at Lamosanghu;

2. Payment Plan for Transmission Line Ownership Sharing Arrangement

2.1 In respect of the ownership payment payable by Company Two to Company One pursuant to Clause 7.1 of the Principal Agreement, Company Two shall make monthly installment payments of NRs. 15,00,000/- (Nepali Rupees Fifteen Lakhs Only) from the date of execution of this procedure until the total outstanding amount is fully settled.

2.2 In the event Company Two receives significant revenue from a single source, including but not limited to proceeds from an Initial Public Offering (IPO), debt financing, or a significant power sale, Company Two shall immediately settle the entire remaining outstanding balance under this Clause. Such settlement shall be made in one lump sum payment within fifteen (15) days of such receipt, and such payment shall be a first priority obligation against the proceeds received.

2.3 Any installment payments already made by Company Two prior to the execution of the Procedure have been duly credited and adjusted against the total outstanding.

2.4 To secure the payment obligations, Company Two shall provide Company One with one or more post-dated cheque(s) covering the full outstanding balance as of the date of execution of this Procedure.
2.5 The post-dated cheque(s) shall be immediately released and returned to Company Two upon full and final settlement of all outstanding amounts.
2.6 Upon receipt of payment in accordance with this Joint Working Procedure, Company On…
If any part of the bill/invoice is disputed, the Verifying Party shall notify the Invoicing Party in writing within seven (7) days of receipt, clearly specifying the items and reasons for dispute.
3. Shared Costs
3.1 In accordance with the provisions of the Principal Agreement, the following costs and any other related costs not expressly mentioned herein but stipulated in the Principal Agreement shall be shared proportionately between Company One and Company Two
3.1.1 Transmission Line Related Costs:
i) Repair and maintenance of the transmission line;
ii) Payment of insurance premiums;
iii) Security arrangements, including salaries and benefits of security personnel or patrolling staff,
3.1.2 Substation Related Costs:
i) Expenses relating to the testing and commissioning of the substation;
ii) Repair, maintenance, and operational expenses of substation equipment and facilities.
3.1.3 Land and Site Security Costs:
i) Maintenance and security of the land and premises at the Lamosanghu substation site;
ii) Salaries, wages, or allowances of human resources engaged for such maintenance and security.
5. Procedure Regarding Plant Shutdow
5.1 In the event a party requires a shutdown of the other party's plant, it shall submit a formal written request at least one (1) month in advance, unless a justification is provided for a shorter notice period. Such request shall be submitted through the official communication channel agreed between the Parties.
5.2 The shutdown shall only proceed upon written acceptance by the other Party.
5.3 The requesting Party shall, prior to the shutdown, pay in advance an estimated amount equivalent to the expected revenue loss of the other Party except in cases where the shutdown is required for maintenance of the jointly used transmission line and its components.
5.4 Upon completion of the shutdown, the actual loss amount shall be calculated and certified by representatives of both parties. If the actual loss exceeds the advance paid, the requesting Party shall pay the difference. If the actual loss is less, the excess shall be refunded or adjusted between the Parties.
6. Procedure Regarding Transmission Line Loss Sharing
6.1 The determination and allocation of transmission line loss shall be governed by the understanding reached between Upper Balephi 'A' Hydropower Project and Nepal Electricity Authority (NEA) during the Coordination Committee (CC) meeting held on 2080/12/23
7. Procedure Regarding Meter Reading
7.1 The Parties shall employ reasonable measures to minimize costs associated with meter reading.
7.2 The costs associated with meter reading shall be borne by the Party whose staff performs such reading. Each Party shall be solely responsible for payments to its own employees or agents conducting the reading.

- कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद बिक्री सम्झौताका मुख्य मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् ।

क) याम्बालिङ्ग खोला जलविद्युत आयोजनाको ७.२७ मे.वा. बाट वार्षिक ३,७५,१३,०८८ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि ३,०६,३९,०८४ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी ६८,७४,००४ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

ख) मिति २०७२/०९/२९ मा कम्पनी र नेपाल विद्युत प्राधिकरण वीच सम्पन्न विद्युत खरिद/बिक्री सम्झौता अनुसार विद्युतको खरिद मुल्य वर्षायामका (वैशाख देखि मंसिर) आठ महिनाको लागि प्रति किलोवाट रु.४.८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुन र चैत्र) का लागी प्रति किलोवाट रु.८.४० (आठ रुपैयाँ चालिस पैसा मात्र) तोकिएको छ । यो खरिद दरको लागि व्यापारिक उत्पादन शुरु भएकोबाट १ बर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक बर्षको लागि ३% का दरले पाँच पटक सम्म साधारण मुल्यबृद्धि दिँई विद्युत खरिद दर कायम गरिएको छ ।

ग) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जाको हकमा विद्युत बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरका कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

घ) नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद वापत बर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (चार रुपैँया अस्सि पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैँया चालिस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारीक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुनेगरि प्रत्येक बर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मुल्य बृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ ।

| **अवधि (व्यापारीक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी)** | **सुख्खा याम (षौष देखि चैत्र सम्म)) (रु. प्रति युनिट)** | **वर्षा याम (बैशाख देखि मार्ग सम्म (रु. प्रति युनिट)** |
|---|---|---|
| पहिलो महिना देखि १२ औ महिना सम्म | ८.४० | ४.८० |
| १३औ महिना देखि २४ औ महिना सम्म | ८.६५ | ४.९४ |
| २५औ महिना देखि ३६ औ महिना सम्म | ८.९० | ५.०९ |
| ३७औ महिना देखि ४८औ महिना सम्म | ९.१६ | ५.२३ |
| ४९औ महिना देखि ६०औ महिना सम्म | ९.४१ | ५.३८ |
| ६१औ महिना देखि सम्झौता अवधिसम्म | ९.६६ | ५.५२ |

माथि जेसुकै लेखिएको भएता पनि व्यापारीक उत्पादन शुरु हुने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारीक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिला हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार बार्षिक मुल्य बृद्धि कायम गरिने छ ।

- RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा ४ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा ३ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा २ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा १ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ५४ महिनाभन्दा ढिलो हुन गएमा मुल्यबृद्धि दिईने छैन ।

ङ) कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुन पर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ । साथै प्राधिकरणले पनि कम्पनी बाट आपूर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोहि समयभित्र पूरा गरि सक्नुपर्नेछ । समयमै आयोजनाको निमार्ण एवं अन्य आवश्यक कार्य सम्पन्न गरि आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सुचना दिई सकेपछि साइटको संयुक्त नापजाँचबाट उपकरणको प्राविधिक सीमा भित्र रहि गरिएका:

१) आयोजनाले सम्पन्न गरेको Dry Tests का नतिजाहरुको अध्ययन तथा प्रमाणिकरण

२) Black start परिक्षण तथा

३) उपलब्ध लोडसम्मको प्रविधिक तवरले सम्भव हुने अवधीसम्मको Off Grid Mode Operation Test बाट व्यहोरा ठिक ठहरिएमा काबु बाहिरको परिस्तिथीमा बाहेक प्रधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ ।

यसरी कम्पनीले प्रधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सुत्र अनुसार हिसाब गरिनेछ।

कन्ट्रयाक्ट इनर्जीको वा Availability Declearations को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महीना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा काबू वाहिरको परिस्थितीको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ती गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतीपूर्ती स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ ।

क्षतिपूर्ति रकम रु.(०.८ x सो महिना कम्पनीबाट प्राधिकणलाई आपूर्ति गर्नुपर्ने वढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा – सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा ( सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा काबू वाहिरको परिस्थितीको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा) x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर :

यसरी हिसाव गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शून्य मानिनेछ । क्षतिपूर्ति रकम विल रकम भन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन । यस्तो क्षतिपुर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ ।

| क्र.सं | सम्झौता गर्ने निकाय/ संस्था | सम्झौताको विषय/वस्तु | सम्झौता मिति | सम्झौता बहाल रहने अवधी |
|---|---|---|---|---|
| १. | नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय | प्राइभेट लिमिटेडको रुपमा दर्ता | २०६४/८/५ | |
| २. | नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय | पब्लिक लिमिटेडमा परिणत भएका | २०७८/५/१३ | |
| ३. | नेपाल सरकार, ऊर्जा मन्त्रालय | विद्युत उत्पादनको अनुमतिपत्र प्राप्ती | २०७३/६/९ | २१०८/६/८ |
| ४. | नेपाल सरकार, ऊर्जा मन्त्रालय | व्यापारीक उत्पादन शुरु भएको मिति (COD) | २०८०/११/०८ | |
| ५. | नेपाल विद्युत प्राधिकरण | आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता | २०७२/९/२९ | |
| | | आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता प्रथम संशोधन | २०७४/११/२२ | |
| | | आयोजनाबाट उत्पादन गरिएकोविद्युत खरिद बिक्री सम्बन्धि सम्झौता दोश्रो संशोधन | २०७५/५/२५ | |
| | | आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता तेश्रो संशोधन | २०७७/०३/१८ | |
| | | आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता चौंथौ संशाधन | २०७७/१२/२५ | |
| | | आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता पाँचौ संशोधन | २०७८/८/१४ | |
| | | आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता छैंठौ संशोधन | २०७९/०८/०९ | |
| | | आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता साँतौ संशोधन | २०७९/१२/३० | |
| | | आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता आठौं संशोधन | २०८०/९/६ | |
| | | आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता नवौं संशोधन | २०८१/६/८ | |
| ६. | मुक्तिनाथ क्यापिटल लिमिटेड | शेयरहरुको सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा सम्झौता | २०७८/६/२० | |
| | | शेयरहरुको सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा सम्झौता | २०८०/२/२४ | |
| ७. | एनएमबी क्यापिटल लिमिटेड | प्रत्याभूति सम्झौता | २०८२/०९/२४ | |
| ८. | एन.एम.बी बैंक लिमिटेड | ऋण सम्झौता | २०८१/०९/१६ | |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्**

क) याम्बालिङ्ग हाइड्रोपावरको नामबाट विद्युत उत्पादनको अनुमतिपत्र ( याम्बालिङ्ग खोला जलविद्युत आयोजना, ७२७० कि.वा.) क्षमताको आयोजनाको स्वामित्व ग्रहण गरी उत्पादन अनुमति प्राप्त अवधि भर आयोजनाहरु सञ्चालन गरी आय आर्जन गर्ने ।

ख) नेपाल राज्यमा विद्युत आयोजनाहरु निमार्ण गरी हाइड्रो, थर्मल, सोलार लगायत सबै किसिमका विद्युत उत्पादन, प्रशारण तथा बिक्री-वितरण गर्ने ।

ग) नेपाल राज्यमा विद्युत उत्पादनका लागि आवश्यक पूर्वधारको विकास गरी विविध क्षमताका विद्युत उत्पादन गर्ने ।

घ) विद्युत आयोजनाको सम्भाव्यता अध्ययन गर्ने :-
विद्युतसंग सम्बन्धित आयोजनाहरुको पहिचान गरी नेपाल सरकारसंग अनुमति लिई पूर्व सम्भाव्यता अध्ययन, वातावरण प्रभावको मुल्याङ्कन (EIA) Detail Project Report(DPR) समेत तयार गरी विद्युत खरिद बिक्रिसम्मको सेवा दिने ।

ङ) विद्युत आयोजनाहरु तथा प्रसारण लाईन निर्माण, सञ्चालन तथा हस्तान्तरण गर्ने (BOOT) :-
नेपाल सरकारसंग अनुमति प्राप्त गरी विद्युत आयोजनाहरु तथा प्रसारण लाईन निर्माण गर्ने, सञ्चालन गर्ने नेपाल सरकारलाई सम्झौता बमोजिम निश्चित समयावधि पछि हस्तान्तरण गर्ने, सो कार्यको लागि विद्युत खरिदकर्तासंग खरिद सम्झौता (PPA) गरी विद्युत उत्पादन तथा बिक्री वितरण गर्ने ।

च) विद्युत गृह लिजमा लिने वा खरिद गरी सञ्चालन गर्ने :-
हाल सञ्चालनमा रहेमने साथै निर्माणाधिन विद्युत गृहहरुलाई खरिद गर्ने वा लिजमा लिई सञ्चालन गर्ने र उत्पादित विद्युत बिक्री वितरण गर्ने ।

छ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवि एवं ख्याति प्राप्त अन्तर्रापष्ट्रय कम्पनीहरुसंग मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरुमा सम्झौता गर्ने, विचारको आदन प्रदान गर्ने, सभा सेमिनारहरुको आयोजना गर्ने, तालिम प्रशिक्षण सञ्चालन गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने र आवश्यक परेमा यसका लागि विदेशी विशेषज्ञ बोलाउने वा आवश्यकता अनुसार विषय विशेषज्ञताका लागि स्वदेशी जनशक्तिलाई विदेशमा तालिममा पठाउने ।

ज) निर्माणाधिन तथा बन्द भएको आयोजना सञ्चालन गर्ने, लिजमा लिने मर्मत सम्भार आदि गर्ने ।

झ) स्वीकृति लिई विद्युत उत्पादनमा सलंग्न हुन आउने विदेशी कम्पनीहरुसंग संयुक्त लगानी (Joint Venture) मा विद्युत उत्पादनका परियोजनाहरु सञ्चालन गर्ने वा त्यस्ता कम्पनीको स्थानिय प्रतिनिधि (Local Agent) भई काम गर्ने ।

ञ) विद्युत आयोजना स्थलसम्म पुग्ने बाटो अन्य पूर्वाधार र वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने ।

ट) उत्पादित विद्युतशक्ति नेपाल विद्युत प्राधिकरणलाई विक्री गर्ने वा सोझै उपभोक्तालाई बिक्री गर्ने ।

ठ) ट्रान्सफर्मर लगायत विद्युत सम्बन्धी आवश्यक सामानहरु उत्पादन, खरिद तथा विक्री वितरण गर्ने ।

(ऊ) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(ए) अन्य विवरणहरु**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** यो परियोजना Run of River मा आधारित जलबिद्युत आयोजना हो । यस परियोजनामा Run of River प्रकारको जलबिद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरुको प्रयोग गरिएको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्रः**
कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत् वितरण गर्ने व्यवस्था मिलाईएको छ र कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहेको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः**
कम्पनीले एकल रूपमा तथा आफ्नो कार्यक्षेत्र सुहाउँदो देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागी व्यवसायीक रुपमा सम्भाब्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुमा लगानी गरी नेपालको जलबिद्युत क्षेत्रमा एक अग्रणी उद्यमीको रुपमा आफुलाई स्थापित गर्ने क्रममा रहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः**
कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत वितरण गर्ने व्यवस्था मिलाईएको छ र कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहेको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**
याम्बालिङ्ग खोला जलविद्युत आयोजनाको उत्पादन क्षमता ७.२७ मेगावाट रहेको र सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई ग्रीड मार्फत् आपूर्ति गरिने छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**
याम्बालिङ्ग खोलाबाट प्राकृतिक बहावमा आधारित पानी र अनुमतिपत्रको अवधिभर स्वीकृत प्राप्त गरेको ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**
जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ । यस आयोजनाको सम्पुर्ण संरचना जस्तै Hydro-Mechanical works, Electro-Mechanical works, Civil works (Headworks, Powerhouse Transmission Line, Machinery breakdown) लगायतका कुरालाई मध्यनजर गरी Insurance गरिएको छ साथै मर्मत सम्भारका लागि पनि सोहि अनुसार व्यवस्था गरी उचित वातावरणमा राखिएको छ ।

(१०)**अनुसन्धान तथा विकास :**
कम्पनीले आफ्नो र आफ्ना ग्राहकहरुका निम्ति परामर्श सेवा तथा देशमा रहेका विभिन्न जलविद्युत योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्ने गरेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** विष्फोटक पदार्थको अभावले आयोजनाको हेडरेसपाइप एलाइन्मेन्टको पहरा फोडन नसकिएको कारण आयोजना सम्पन्न हुन करिव ६ महिना ढिला हुन गएको छ । बर्षायाममा पहिरोले सडक अवरोध भएको कारण निर्माण सामाग्री ढुवानी गर्न धेरै समय लागेको थियो । यहि अवधीमा इनधन, फलाम र डलरको मूल्यवृद्धि भएको कारण आयोजनाको लागत बढ्न गएको हो ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्द्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
कम्पनीको कुल विद्युत उत्पादन क्षमता ७.२७ मेगावाट मात्र रहेको हुँदा यो आयोजनाले बजारको केही अंश मात्र परिपूर्ति गर्ने र ठूलो परिमाणमा उर्जाको माग रहेको हुँदा बजारको समस्या रहेको छैन । आयोजनाबाट उत्पादन हुने विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा बजारको सुनिश्चिता गरिएको र सो क्रममा अन्य उद्योगसंग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था नरहेको ।

(१४)**प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण :**
कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएको हुँदा कम्पनीको प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५)**प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण):**

| सि.नं. | विवरण | सप्लायर्सको नाम | रकम (रु.) |
|---|---|---|---|
| १. | सिभिल निर्माण कार्य | ओजस्वी कन्सट्रक्सन प्रा.लि. | 363,506,102 |
| २. | हाइड्रो मेकानिकल कार्य | Cangzhou Spiral Steel Pipe Groups Co.Ltd. | 91,199,160 |
| ३. | Electro Mechanical Equipment | Chongqing New Century Electrical Co.Ltd. | 165,717,342 |
| | Electro Mechanical Equipment | Kingship Holdings Limited | 74,492,582 |

## ग.३.ख) सम्पत्तिको विवरण

(अ) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था:**
याम्बालिङ्ग हाईड्रोपावर लिमिटेडको ७.२७ मेगावाट क्षमताको याम्बालिङ्ग खोला जलविद्युत आयोजनाको जलविद्युत केन्द्रको सिभिल संरचनाहरु सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिकामा रहेको छ । हाल सम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण निम्नानुसार रहेका छन् ।

| क्र.स. | सम्पति | स्थल | २०८१/८२ को अन्तीम मौजदात | थप यस बर्षको | बिक्रि यस बर्षको | कुल रकम | ह्रास कट्टी यस बर्षको | नेट बुक भ्यालु २०८१/८२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | फर्निचर एण्ड फिक्सचर्स | आयोजना स्थल तथा रजिष्टर्ड कार्यालय | २,०८२,१३७ | - | | २,०८२,१३७ | २५९,१५७ | ७७७,४७० |
| २ | कम्प्युटर तथा प्रिन्टर ,अफिस उपकरण | आयोजना स्थल तथा रजिष्टर्ड कार्यालय | १,८७०,८०० | १९६,०९९ | | २,०६६,८९९ | २३६,२७२ | ७९०,४९१ |
| ३ | सवारी साधन | आयोजना स्थल तथा | १२,६६४,५७३ | २२०,००० | | १२,८८४,५७३ | १,६२०,२९० | ६,६६८,६१२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | रजिष्टर्ड कार्यालय | | | | | | |
| ४ | सम्पति, उपकरण तथा औजार | आयोजना स्थल | ७३,४०० | - | | ७३,४०० | १४,६२३ | ४३,८६९ |
| **जम्मा** | | | **१६,६९०,९१०** | **४१६,०९९** | **-** | **१७,१०७,००९** | **२,१३०,३४२** | **८,२८०,४४२** |

**जग्गाको विवरण**

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | २०६९ | १-०-०-० |
| २ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | २०७१ | ३-०-०-० |
| ३ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | २०६१ | ४-१३-२-३ |
| ४ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | २०६२ | ४-८-०-० |
| ५ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | २०३७ | ०-८-१-२ |
| ६ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १२८८ | ८-२-३-१ |
| ७ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १३५५ | १-१३-१-२ |
| ८ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १९८९ | ३-१०-०-० |
| ९ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १९९० | ४-०-०-० |
| १० | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १९९१ | ४-०-०-० |
| ११ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १९९२ | ४-०-०-० |
| १२ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १९९३ | ४-०-०-० |
| १३ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १९९५ | ५-०-०-० |
| १४ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १९४४ | ०-१०-३-२ |
| १५ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १३३८ | १-१५-३-० |
| १६ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १३३९ | १-७-१-३ |
| १७ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १२५७ | ५-१४-२-३ |
| १८ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १६८८ | ३-६-०-२ |
| १९ | सिन्धुपलान्चोक | गुम्बा ग.वि.स | ५ | १५६७ | १-६-०-० |
| **जम्मा** | | | | | **६३-५-०-२** |

(आ) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्नेः**

माथि बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति भएको । उल्लेखित कुनै पनि सम्पती लिजमा नलिएको ।

(इ) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :

यो परियोजना निर्माण तथा संचालनका लागि आवश्यक ऋण पूँजी जुटाउन परियोजनाका भौतिक संरचनाहरु एन.एम.बी बैंक लिमिटेडको नाममा सम्पत्ती मोर्टगेजमा रहेको छ ।

(ई) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :**

कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

(उ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** :

कम्पनीको सम्पुर्ण सम्पत्तिहरु ऐतिहासिक लागत मुल्यमा मुल्यांकन गरिएको छ ।

**ग.३.ग) भावी योजना तथा रणनीति :**

(अ) **व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

- कम्पनीको मुख्य उद्देश्य जलविद्युत आयोजनाहरुको अध्ययन, आयोजना निर्माण, विद्युत वितरण, अन्य जलविद्युत आयोजनाहरुमा लगानी र जलविद्युत कम्पनीहरुको धितोपत्रमा लगानी गरी नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।
- नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।
- कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशको जनताले हाल भोगिरहेको लोडसेडिङ्गको मारलाई केहि हदसम्म कम गर्न कम्पनी प्रतिबद्ध रहेको छ ।
- कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

**(आ) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर संभावना रहेको भएपनि वर्तमान अवस्थामा विद्युतको माग र आपूर्ति बीच ठूलो खाडल रहेको छ । नेपालमा विद्युतिय रेल, विद्युतिय सवारी साधन, रोप-वे, मोनो रेल आदिको विकास र विस्तार गर्ने योजनाहरु सरकारले अघि बढाउनु तथा उद्योग र कृषि क्षेत्रमा पनि विद्युतको माग अत्यधिक रहेको छ भने निजीक्षेत्रमा समेत बिजुली प्रयोग गर्ने जनसंख्या निरन्तर बढिरहेका छन् । देशको कतिपय स्थानहरुमा बिजुली पु¥याउनु पर्ने अवस्था अझै विद्यमान रहेकोले राज्यलाई आवश्यक पर्ने विद्युत उत्पादनको आवश्यकता अत्यधिक रहेको छ । यस क्षेत्रको पर्याप्त विकास हुन सके छिमेकी मुलुकहरुमा निर्यात गर्न पनि सकिने सम्भावना प्रशस्त रहेको छ । यो व्यवसायमा विद्युत उत्पादन हुनु आगवै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग संग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल भएको र प्रतिस्पर्धाको कारण उद्योगलाई कुनै पनि प्रकारको नकारात्मक असर पर्ने सम्भावना ज्यादै नै न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडि बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाको पहिचान तथा विकास गर्दा अन्य वस्तु तथा सेवा व्यवसायको जस्तो प्रतिस्पर्धाबाट कुनै पनि प्रकारको जोखिम सिर्जना हुने अवस्था देखिदैन । यस आयोजनाले उत्पादन गर्ने ऊर्जाले जम्मा ऊर्जा उपभोगको केही अशंमात्र पूरा गर्नेछ ।

**ग.३.घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| समूह “क” संस्थापक शेयरधनीहरुबाट | ४ जना |
| समूह “ख” सर्वसाधारण शेयरधनीहरूबाट | २ जना |
| स्वतन्त्र संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको धितोपत्र सार्वजनिक निष्काशन भई बाँडफाँड भए पश्चात् कायम हुने शेयरधनीहरु समेतको उपस्थितिमा सम्पन्न हुने साधारण सभा पश्चात् सञ्चालक समितिको संरचना नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार हुनेछ ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

**ग.४) पुँजी संरचना सम्बन्धी जानकारी**

**ग.४(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्वन्धी विवरण**

**अधिकृत, जारी तथा चुक्ता पुँजी**

**अधिकृत पूँजी:** कम्पनीको अधिकृत पूँजी रु.७०,००,००,०००/- (अक्षरेपी रु. सत्तरी करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००।– का दरले ७०,००,००० थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पूँजी:** कम्पनीको जारी पूँजी रु.७०,००,००,०००/- (अक्षरेपी रु. सत्तरी करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले ७०,००,००० थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पूँजी:** कम्पनीको चुक्ता पूँजी रु. ४२,००,००,०००/- (अक्षरेपी ब्यालिस करोड मात्र) रहेको छ । सर्वसाधारणको लागि छुट्याइएको २८,००,००० कित्ता शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ७०,००,००,०००/- (अक्षरेपी रु. सत्तरी करोड मात्र) हुनेछ ।

कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी तथा चुक्ता पुँजीमा परिवर्तन सम्बन्धी विवरण:

| आ.व. | अधिकृत पुँजी (रु.) | जारी पुँजी (रु.) | चुक्ता पुँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| ६४/६५ | १,००,००,०००/- | ५०,००,०००/- | ५०,००,०००/- | |
| ७०/७१ | ३६,००,००,०००/- | ३६,००,००,०००/- | ७,६४,१३,९००/- | |
| ७८/७९ | ५०,००,००,०००/- | ५०,००,००,०००/- | २५,३८,८२,९००/- | |
| ७९/८० | ७०,००,००,०००/- | ७०,००,००,०००/- | ४२,००,००,०००/- | |

**ग.४(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

कम्पनीको प्रबन्ध-पत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

| क्र.सं | शेयरधनीहरु | समूह | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूंजी संरचना(%) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | क | ४२,००,००० | ४२,००,००,०००/- | ६०% | ६०% |
| २ | आयोजना प्रभावित क्षेत्रका शेयरधनीहरु | ख | ७,००,००० | ७,००,००,०००/- | १०% | निष्काशन पश्चात् चुक्ता हुने । |
| ३ | सर्वसाधारण शेयरधनीहरू | | २१,००,००० | २१,००,००,०००/- | ३०% | |
| **जम्मा** | | | **७०,००,०००** | **७०,००,००,०००/-** | **१००%** | |

**नोट :** १. संस्थापक तर्फको शेयर चुक्ता भईसकेको छ भने आयोजना प्रभावित क्षेत्रका शेयरधनीहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु र सर्वसाधारण शेयरधनीहरुलाई विक्री गरिने शेयर चुक्ता हुन बाँकी रहेको छ ।

२. मिति २०७९/०७/१७ गते देखि लागु हुने गरी स्वीकृत भएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैंठौं संशोधन २०७९) को दफा ४ (ख) (१) मा व्यवस्था भए बमोजिम सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि छुट्याईएको । )

**ग.४(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) ।**

कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरमा प्रिमियमको व्यवस्था नरहेको ।

**ग.५) संस्थापक/सञ्चालकसम्बन्धी जानकारी;**

**ग.५.क) संस्थापक/संचालकको पृष्ठभूमि;**

**(अ) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार र व्यवसायमा अनुभव :**

**<u>आधारभूत शेयरधनीको विवरण</u>**

| सि.नं | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | धारण गरेको कूल शेयर | शेयर स्वामित्व | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/व्यवसायको अनुभव | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रोशन शाह | संचालक | ४४ | नेपाली | सिरहा जिल्ला सिरहा न.पा. वडा नं. ६ | २,७८,२६० | ३.९७ % | स्नातक वि.इ. | विगत ७ वर्ष देखि हाइड्रोपावर क्षेत्रको अनुभव | साइट इन्जिनियर : Japan Turkey Metro Joint Venture मा २०६३ फल्गुन देखि २०६६ बैशाख सम्म आओजना प्रबन्धक : रसुवा Construction प्रा.लि. मा २०६७/०९/२८ देखि २०६९ भदौ सम्म |
| २ | सुसन कर्माचार्य | आधारभुत शेयरधनी | ४३ | नेपाली | ललितपुर जिल्ला ल.मा.न.पा.वडा नं.२२ | २,१२,२७० | २.९५% | स्नातकोत्त र एमपिए | विद्युत उत्पादन क्षेत्रमा ८ वर्षको अनुभव | व्यवस्थापन क्षेत्रमा २० वर्ष र उर्जा क्षेत्रमा ८ वर्षको अनुभव |
| ३ | आभास बस्नेत | आधारभुत शेयरधनी | २१ | नेपाली | काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३२ | २,००,००० | २.८५% | स्नातक वि.वि.एस . | - | - |
| ४ | ओम बहादुर बस्नेत | आधारभुत शेयरधनी | ५० | नेपाली | झापा जिल्ला काकरभिट्टा गा.वि.स. वडा नं. ०७ | २,००,००० | २.८५ % | स्नातकोत्त र एम.एड/ एम. वि.एस | सहकारी क्षेत्रमा १४ वर्षको अनुभव | |
| ५ | शोभा देवी कर्माचार्य | आधारभुत शेयरधनी | ४९ | नेपाली | ललितपुर जिल्ला ल.म.न.पा.वडा नं.१५ | १,६७,८४० | २.३९ % | स्नातकोत्त र एमपिए | एरोनेटिकल क्षेत्रमा २८ वर्षको अनसभव | नेपाल वायुसेवा निगममा ए.टी.सी |
| ६ | ल्हायुल लामा | आधारभुत शेयरधनी | ४० | नेपाली | काभ्रेपलाञ्चोक जिल्ला मादन कुडारी गा.वि.स.वडा | १,५०,००० | २.१४% | आ.ए. | कपडा व्यवसायमा ५ वर्षको अनुभव | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नं.४ | | | | | |
| ७ | इन्द्र मायाँ तामाङ (लिनावल) | संचालक सदस्य | ५४ | नेपाली | रामेछाप जिल्ला सुनापति गाउँपालिका वडा नं.४ | १,२८,५०० | १.८३ % | आई.ए | विगत १० वर्ष देखि हाइड्रोपावर क्षेत्रमा अनुभव | - |
| ८ | राजदेवि राजभण्डारी | आधारभुत शेयरधनी | ६४ | नेपाली | ल.पु.जि.ल.पु.म. न.पा.वडा नं.१५ | १,०५,५०० | १.५% | आइ.ए. | - | - |
| ९ | सुरज बज्राचार्य | आधारभुत शेयरधनी | ५० | नेपाली | काठमाडौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १७ | १,०१,२०० | १.४४% | एम.डी. | विगत २५ वर्ष देखि स्वास्थ्य क्षेत्रमा अनुभव | - |
| १० | कोषराज वन्त | संचालक सदस्य | ६० | नेपाली | गोरखा जिल्ला बगुवा गा.वि.स वडा नं.६ | १,००,००० | १.४२% | एम.इ | सशस्त्र प्रहरीमा ३० वर्षको अनुभव | - |
| ११ | स्मार्ट इन्भेष्टमेन्ट प्रा.लि. | आधारभुत शेयरधनी | लागु नहुने | नेपाली | काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३५ | २,००,००० | २.८५% | लागु नहुने | लागु नहुने | लागु नहुने |
| १२ | संगीता सुवेदी बस्नेत | आधारभुत शेयरधनी | ४९ | नेपाली | काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. ३६ | ७५,००० | १.०७% | स्नातकोत्तर एम.ए. | वित्त क्षेत्रमा २५ वर्षको अनुभव | - |
| १३ | पूर्ण बहादुर कुवँर | आधारभुत शेयरधनी | ४८ | नेपाली | स्याग्दी जिल्ला सिङ्ग-९ | ७२,००० | १.०२ % | एस.एल.सी | - | - |
| १४ | मनिप्लमन्ट इन्भेष्टमेन्ट प्रा.लि. | आधारभुत शेयरधनी | लागु नहुने | नेपाली | काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३२ | ८१,५०० | १.१६ % | लागु नहुने | लागु नहुने | लागु नहुने |
| १५. | लक्ष्मण कृष्ण राजभण्डारी | आधारभुत शेयरधनी | ५४ | नेपाली | ल.पु.जि.ल.पु.म. न.पा.वडा नं.२० | ७१,००० | १.०१% | स्नातक | व्यवसाय | |
| १६. | विकास मान श्रेष्ठ | आधारभुत शेयरधनी | ५४ | नेपाली | काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १२ | ७०,००० | १% | स्नातक | व्यवसाय | |
| १७. | अनिता श्रेष्ठ | आधारभुत शेयरधनी | ५० | नेपाली | ल.पु.जि.ल.पु.म. न.पा.वडा नं.९ | ९४,२८० | १.३४% | स्नातक | व्यवसाय | |
| १८. | गान्धी तिमिलसिना | आधारभुत शेयरधनी | ६६ | नेपाली | चितवन जिल्ला, पटिछानी, वडा नं.४ | ७०,००० | १% | स्नातक | व्यवसाय | |

## संचालकहरुको विवरण

| सि.नं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | धारण गरेको कूल शेयर | शेयर स्वामित्व | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/व्यवसायको अनुभव | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री इन्द्रमाया तामाङ्ग (लिनाबल) | अध्यक्ष | ५२ | नेपाली | रामेछाप जिल्ला सुनापति गाउँपालिका वडा नं.४ | १,२८,५०० | १.८३% | एस.एल.सी | उर्जा क्षेत्रमा १० वर्षको अनुभव | होटेल र ट्रेकिङ व्यवसायमा अनुभव |
| २. | श्री रोशन शाह | संचालक | ४४ | नेपाली | सिरहा जिल्ला सिरहा न.पा. वडा नं. ६ | २,७८,२६० | ३.९७% | स्नातक (बि.इ) | विगत ७ वर्ष देखि हाइड्रोपावर क्षेत्रको अनुभव | साइट इन्जिनियर : Japan Turkey Metro Joint Venture मा २०६३ फल्गुन देखि २०६६ बैशाख सम्म आओजना प्रवन्धक : रसुवा Construction प्रा.लि. मा २०६७/०९/२८ देखि २०६९ भदौ सम्म |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | श्री शशि राज श्रेष्ठ | स्वतन्त्र संचालक | | नेपाली | ललितपुर जिल्ला ल.पु.मा.न.पा.वडा नं.४ | - | - | एम.इ | उर्जा क्षेत्रमा १० वर्षको अनुभव | - |
| ४. | श्री नर हाङ्ग राई | संचालक | ६१ | नेपाली | ललितपुर जिल्ला ठेचो वडा नं.८ | ६०,००० | १.४२% | आइ.ए | उर्जा क्षेत्रमा ७ वर्षको अनुभव | संस्थापक युनाइटेड एकेडेमी |
| ५. | श्री उद्धिम बहादुर देवकोट | संचालक | ५८ | नेपाली | झापा जिल्ला काकरभिट्टा गा.वि.स.वडा नं.४ | २०,००० | ०.४७ % | वि.ए/वि .एड | उर्जा क्षेत्रमा २ वर्षको अनुभव | सरकारी निजामती सेवामा ३७ वर्षको अनुभव |
| ६. | श्री समय कर्माचार्य | संचालक | ४७ | नेपाली | ललितपुर जिल्ला ललितपुर नगरपालिका वडा नं.२२ | १०,००० | ०.२३% | एम.बि.ए | उर्जा क्षेत्रमा ९ वर्षको अनुभव | |

**नोटः** कम्पनीको संचालक नियुक्ति मिति २०८०/५/१३ देखि २०८४/५/१२ र स्वतन्त्र संचालकको हकमा २०८०/५/१३ देखि २०८४/५/१२

**नोटः** हाल यस कम्पनीमा संस्थापक समूहबाट ५ जना, स्वतन्त्र समूहबाट १ जना संचालक निर्वाचित नहुँदा सम्मको लागि संचालक समितिले नियुक्ति गरेकोछ र सार्वजनिक निष्काशन पश्चात् वार्षिक साधारण सभाबाट संस्थापक समूहबाट ४ जना, सर्वसाधारण समूहबाट २ जना र स्वतन्त्र समूहबाट १ जना संचालक नियुक्ती गरिनेछ। कम्पनीको नियमावलीकोनियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ। तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन।

सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना भएको उद्घोषण गर्दछौं।

**(आ) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

संस्थापक कम्पनीको संक्षिप्त परिचय तथा सञ्चालकहरुको नाम, ठेगाना निम्न अनुसार रहेको छ।

| सि.नं. | संस्थाको नाम, ठेगाना | संक्षिप्त विवरण | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|---|
| १. | स्मार्ट इन्भेष्टमेन्ट लिमिटेड, काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ३५ | व्यापारिक भवन, अपार्टमेन्ट वा हाउजिङ्ग निर्माण गरी बिक्री गर्ने, लगानी विभिन्न स्वदेशी तथा विदेशी कम्पनी, जलविद्युत( Hydropower), बैंक तथा वित्तीय संस्थाहरुको शेयर, डिबेन्चर र ऋण पत्रहरुमा लगानी गर्ने, लगानी सम्बन्धी व्यवसाय गर्ने, कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०६३/०१/२९ दर्ता नं. १४९११४/०७२/०७३ मा दर्ता भएको।<br>**अधिकृत पूँजीः** कम्पनीको अधिकृत पूँजी रु.२०,००,००,०००/-<br>**जारी पूँजीः** कम्पनीको जारी पूँजी रु.२०,००,००,०००/-<br>**चुक्ता पूँजीः** कम्पनीको चुक्ता पूँजी रु. १७,५०,००,०००/- | **अध्यक्ष : श्री ओम बहादुर बस्नेत**<br>झापा जिल्ला काकरभिट्टा गा.वि.स. वडा नं. ०७<br>**संचालक : श्रीमती सुसन कर्माचार्य**<br>ललितपुर जिल्ला ल.मा.न.पा.वडा नं.२२ |

| सि.नं. | संस्थाको नाम, ठेगाना | संक्षिप्त विवरण | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|---|
| २. | मनिप्लान्ट इन्भेष्टमेन्ट प्रा.लि. काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ३२ | लगानी विभिन्न स्वदेशी तथा विदेशी कम्पनी, जलविद्युत (Hydropower), बैंक तथा वित्तीय संस्थाहरुको शेयर, डिबेन्चर र ऋण पत्रहरुमा लगानी सम्बन्धी व्यवसाय गर्नेगरी, कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०६६/११/०५ दर्ता नं. ७०६३०/०६६/०६७ मा दर्ता भएको ।<br>**अधिकृत पूँजीः** कम्पनीको अधिकृत पूँजी रु.१०,००,००,०००/-<br>**जारी पूँजीः** कम्पनीको जारी पूँजी रु.२,४०,००,०००/-<br>**चुक्ता पूँजीः** कम्पनीको चुक्ता पूँजी रु. २,१६,००,०००/- | **अध्यक्ष : श्रीमती सुसन कर्माचार्य**<br>ललितपुर जिल्ला ल.मा.न.पा.वडा नं.२२<br>**संचालक : श्री रोशन शाह**<br>सिरहा जिल्ला सिरहा न.पा. वडा नं. ६<br>**संचालक : श्री परमानन्द चौधरी**<br>महोत्तरी जिल्ला रामगोपाल गा.वि.स. वडा नं. ०६ |

**(इ) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना**

कम्पनीका सञ्चालकहरू आवद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण देहाय अनुसार छ :

| क्र.स | संचालकहरुको नाम र ठेगाना | आवद्ध रहेको संस्थाको नाम र ठेगाना |
|---|---|---|
| १. | श्री इन्द्रमाया तमाङ्ग (लिनाबल)<br>रामेछाप जिल्ला सुनापति गाउँपालिका वडा नं.४ | - |
| २. | श्री रोशन शाह<br>सिरहा जिल्ला सिरहा न.पा. वडा नं. ६ | मनिप्लान्ट इन्भेष्टमेन्ट प्रा.लि., का.म.न.पा.-३२,काठमाण्डौ (संचालक) |
| ३. | श्री शशी राज श्रेष्ठ<br>ललितपुर जिल्ला ल.पु.मा.न.पा.वडा नं.२२ | - |
| ४. | श्री नरहाङ्ग राई<br>ललितपुर जिल्ला ठेचो वडा नं.८ | संस्थापक युनाइटेड एकेडेमी ललितपुर उ.म.न.पा, कुमारीपाटि<br>मिति २०७७/१२/२९ गते देखि हाल सम्म |
| ५. | श्री उद्धिम बहादुर देवकोटा<br>झापा जिल्ला काकरभिट्टा गा.वि.स.वडा नं.४ | ललिगुँरास बाटिका सेकेन्डरी स्कुल,नरेफाँट ३२, काठमाण्डौ । (संचालक) |
| ६. | श्री समय कर्माचार्य<br>ललितपुर जिल्ला ललितपुर नगरपालिका वडा नं.२२ | स्मार्ट हाइड्रो पावर प्रा. लि. ललितपुर, (संचालक) |

सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना भएको व्यहोरा जानकारी गराईन्छ ।

**(ई) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण**

अ) शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

आ) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

**ग.५.ख) संस्थापक/संचालकसंगको कारोवार**

**(क) कम्पनीबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति मूल्य र त्यस्तो सुविधा दिए वापत कम्पनीले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरणः** सो नभएको ।

**(ख) माथि बुँदा १ मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिकाः** सो नभएको ।

**ग.६) सीमित दायित्व सम्बन्धी विवरण**

यो कम्पनी, कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरूको दायित्व निजहरूले खरिद गर्न कबुल गरेको शेयरको अंकित रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७) संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी,**

**क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरणः**

**(अ) कम्पनीको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ती भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभुत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनुपर्ने ।**

| क.सं. | कर्मचारीको नाम | योग्यता | नियुक्ति मिति | शेयर संख्या | अनुभव |
|---|---|---|---|---|---|
| १. | आस्था कंडेल | स्नकोत्तर | २०८१/०१/०२ | | हाइड्रोपावर मा ७ वर्षको कार्य अनुभव |
| २. | प्रविण श्रेष्ठ | स्नातक | २०८०/०४/०१ | | हाइड्रोपावर मा २ वर्षको कार्य अनुभव |

**(आ) कम्पनीका कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी सम्बन्धी विवरणः सो नरहेको ।**

**(इ) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नुभन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने :**सो नभएको ।

**(ई) कर्मचारीको संख्याः स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।**

| क.सं. | कुल कर्मचारी संख्या | स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|---|
| १. | ३१ | ३१ | | - | - | - |

**ग.७.ख) सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण**

**(अ) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा**

कम्पनीका सञ्चालकहरूलाई समितिको बैठकमा भाग लिए बापत प्रति बैठक कर सहित रु.५,०००/- (अक्षरेपी पाँच हजार रुपैंया) बैठक भत्ता प्रदान गर्ने व्यवस्था गरिएको छ । सञ्चालकहरुलाई बैठक भत्ता बाहेक अरु सुविधा प्रदान गर्ने व्यवस्था छैन ।

कम्पनीका अध्यक्ष तथा सञ्चालकहरुलाई आ.व. ०८१/८२ मा निम्न अनुसार बैठक भत्ता प्रदान गरिएको छ ।

| क्र.सं. | नाम | पद | (आ.व ८१/८२) बैठक भत्ता रु.मा |
|---|---|---|---|
| १ | श्री इन्द्रमाया तामाङ्ग (लिनाबल) | अध्यक्ष | रु. ३०,०००।- |
| २ | श्री रोशन शाह | संचालक | रु. २५,०००।- |
| ३ | श्री शशि राज श्रेष्ठ | स्वतन्त्र संचालक | रु. ३०,०००।- |
| ४ | श्री नर हाङ्ग राई | संचालक | रु. २०,०००।- |
| ५ | श्री उद्धिम बहादुर देवकोट | संचालक | रु. २५,०००।- |
| ६ | श्री समय कर्माचार्य | संचालक | रु. २५,०००।- |

कम्पनीका अध्यक्षलाई आ.व. ०८१/८२ मा निम्न बमोजिम पारिश्रमिक प्रदान गरिएको छ ।

| क्र.सं. | नाम | पद | (आ.व ८१/८२) तलब तथा भत्ता रु. |
|---|---|---|---|
| १ | श्री इन्द्रमाया तामाङ्ग (लिनाबल) | अध्यक्ष | रु.७,३५,०००।- |

**(आ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधिभित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकमः**

| क्र.सं. | नाम | पद | (आ.व ८१/८२) तलब तथा भत्ता रु. |
|---|---|---|---|
| १. | आस्था कंडेल | लेखा अधिकृत | 5,23,000.- |

| | | | |
|---|---|---|---|
| २. | प्रविण श्रेष्ठ | साइट कोर्ड्नेटर | 5,00,000.- |

(इ) **कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

**ग.८) अन्तर्निहीत जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**
यस कम्पनीद्वारा प्रवर्द्धन भएको आयोजनाको निर्माण सम्पन्न गरि मिति २०८०/११/०८ गते देखि नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्रि गरी आम्दानी गरिराखेको र यस जलविद्युत आयोजनाको लागि एन.एम.बी बैंक लिमिटेड बाट वितिय व्यवस्थापन भएको तथा संस्थापक शेयरधनीबाट सम्पूर्ण रकम चुक्ता भईसकेको वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेको ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने । नेपाल विद्युत प्रधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत विक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :**
हाल यस आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेकोले मूल्य अभिवृद्धि **(CostOver-run)** को जोखिम नरहेको ।

**(ङ) विदेशी विनिमयको जोखिम :** हाल यस्तो जोखिम नरहेको ।

**(च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू:**
हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजत पत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम:**
अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।

**(ज) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम:**
नेपाल सरकारले अंगीकार गरेको वर्तमान जलविद्युत नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ ।

**(झ) सञ्चालन इतिहासको अभाव :**
आयोजना सञ्चालनमा नआउन्जेल सम्म सो विषयमा जोखिम रहेको ।

**(ञ) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :**
जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपरकणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट बिद्युत उपकरणहरु फेज आउट भएमा उत्पन्न हुन सक्ने जोखिमहरु ।

**(ट) अन्य :**

- प्राकृतिक प्रकोपको तथा काबु बहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा तथा निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै आम्दानीको श्रोत पर सर्ने जोखिमहरु ।
- जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका गर्नका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ ।
- जलवायु परिर्वतनवाट खोलामा पानीको वाहावमा थप घट हुनगई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्ने भएकोले विद्युत उत्पादनमा कमी आएमा हर्जना मिनाहा हुने व्यवस्था कायम रहेको छ ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- नेपाल सरकारले १० मेगावाट भन्दा कम उत्पादन क्षमता भउका आ.व.२०८२।८३ सम्म व्यापारीक उत्पादन सुरु गर्ने निजी क्षेत्रका निर्माणाधिन ROR जल विद्युत आयोजनाको Take & Pay प्रावधान हटाई Take or Pay प्रावधान लागु गरेको छ ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा व्यबस्थापनको रहेको छ । यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न निर्माणाधिन आयोजनाको निम्नानुसारका बिमा गरिएको छ र सो अवधि समाप्त भए पश्चात् पुनः नविकरण गरिनेछ ।

**याम्बालिङ्ग खोला जलविद्युत आयोजनाको बिमा सम्बन्धी विवरण**

| सि.नं | बिमाको प्रकार | बिमा कम्पनीको नाम | बिमाङ्क रकम (रु.) | बिमा अवधि | बिमा शुल्क(रु.) |
|---|---|---|---|---|---|
| १ | आयोजना स्थलमा भएका भौतिक संरचना, मेशिन तथा उपकरणहरुको सम्पत्ती बिमा | एनएलजी इन्स्योरेन्स क.ली. | १,२३,९९,९३,८४० | १३/६/२०२६ | २८,०२,४०६ |
| २ | Loss of Profit | एनएलजी इन्स्योरेन्स क.ली. | २०,४८,०९,२४१.६० | १३/०६/२०२६ | ९,२५,७५८ |

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम**

रु. १००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९) वित्तीय विवरण**

**ग.९.क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषणः**

(अ) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :**

यस कम्पनीको आ.व २०८१/८२ को लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरणको देहाय बमोजिम रहेको छ ।

**वित्तीय अवस्थाको विवरण**

**वासलात २०८२ आषाढ मसान्त**

**रकम रु.**

| विवरण | आ.व.२०८१/८२ |
|---|---|
| गैह्र चालु सम्पत्ति | |
| सम्पत्ति, प्लान्ट र उपकरण | ५,२३३,३१३ |
| अमुर्त सम्पत्ति | १,८९४,५४२,८८४ |
| स्थगन कर  सम्पत्ति | ८,२५९,९४० |
| जम्मा चालु सम्पत्ति | १,९०८,०३६,१३७ |
| लगानि | |
| चालु सम्पत्ति | |
| मौज्दात | - |
| वित्तिय सम्पत्ती | |
| व्यापार तथा पाउनुपर्ने | २८,२९१,५०० |
| नगद तथा नगद बराबर | ५३५,१०७ |
| जम्मा चालु सम्पत्ति | - |
| अन्य चालु | ६,४४१,२८५ |

| | |
|---|---|
| जम्मा चलु समपत्ति | ३५,२६७,८९२ |
| जम्मा सम्पत्ती | १,९४३,३०४,०२८ |
| इक्विटी तथा दायित्व | |
| इक्विटी | |
| शेयर पूँजी | ४२०,०००,००० |
| अग्रिम शेयर पूँजि | – |
| संचित नाफा/(नोक्सान) | ७,६३४,३७५ |
| जम्मा इक्विटी | ४२७,६३४,३७५ |
| दायित्व | |
| गैह्र चालु दायित्व | |
| वित्तिय दायित्व | |
| ऋण तथा सापटी | १,३८५,०३५,४२७ |
| जम्मा गह्रै चालु दायित्व | १,३८५,०३५,४२७ |
| चालु दायित्व | |
| व्यापार तथा तिर्नुपर्ने | ९४,०६६,२५४ |
| अन्य चालु दायित्व | ३६,५६७,९७३ |
| जम्मा चालु दायित्व | १३०,६३४,२२७ |
| जम्मा दायित्व | १,५१५,६६९,६५३ |
| जम्मा इक्वटी तथा दायित्व | १,९४३,३०४,०२८ |

## नाफा नोक्सान २०८२ आषाढ मसान्त

**रकम रु. मा**

| विवरण | आ.व.२०८१/८२ |
|---|---|
| सञ्चालन आम्दानी | १५६,३३४,४७६ |
| बिक्रीको लागत | (१६,२११,७९०) |
| कुल सञ्चालन नाफा | १४०,१२२,६८६ |
| निर्माण आम्दानी IFRIC | – |
| निर्माण लागत IFRIC | – |
| कुल निर्माण नाफा | – |
| अन्य आम्दानी | – |
| कुल आम्दानी | १४०,१२२,६८६ |
| खर्च | |
| कर्मचारी खर्च | (१,७६४,५६०) |
| प्रशासनिक र सञ्चालन खर्च | (४,१३१,२१७) |
| वित्तीय लागत | (१३२,४२८,६०६) |
| दावी समायोजनमा नोक्सान | (३८,०८७) |
| ह्रास र परिशोधन खर्च | (६७,९१३,७९६) |
| बोनस र कर अघिको नाफा | (६६,१५३,५८१) |
| आयकर खर्च | |
| चालू कर | |
| स्थगित कर | ८,२५९,९४० |
| अवधिको लागि नाफा/(नोक्सान) | (५७,८९३,६४२) |
| अन्य Comprehensive आम्दानी | |
| पछि नाफा वा नोक्सानमा पुनः वर्गीकृत नगरिने वस्तुहरू; | |

| | |
|---|---|
| परिभाषित लाभ दायित्वहरूमा बीमांकिक लाभ/(नोक्सान) | - |
| कुल अन्य Comprehensive आम्दानी | - |
| अवधिको लागि कुल Comprehensive आम्दानी | (५७,८९३,६४२) |

## नगद प्रवाह २०८२ आषाढ मसान्त

**रकम रु. मा**

| विवरण | आ.व.२०८१/८२ |
|---|---|
| सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह | |
| वर्षको लागि खुद नाफा | (६६,१५३,५८१) |
| समायोजन: | |
| मुल्यह्रास सम्पत्ति, प्लान्ट र उपकरणमा मूल्यह्रास | ६७,९१३,७९६ |
| कर्मचारी लाभहरूको लागि प्रावधानमा गति | - |
| कार्यशील पूँजी समायोजन: | |
| व्यापार र अन्य प्राप्यमा वृद्धि/ (कमी) | (१३,४२१,०१३) |
| अन्य चालू सम्पत्तिहरूमा वृद्धि/ (कमी) | २,०८०,२०५ |
| व्यापार र अन्य भुक्तानीयोग्यमा वृद्धि/ (कमी) | (२,७०४,८६२) |
| अन्य चालू दायित्वहरूमा वृद्धि/ (कमी) | २१,७००,९३० |
| सञ्चालनबाट उत्पन्न नगद | ९,४१५,४७६ |
| ब्याज तिरेको | - |
| आयकर तिरेको | - |
| करमा अस्वीकार गरिएको खर्च | ९७,११२,५८६ |
| सञ्चालन गतिविधिहरूबाट खुद नगद प्रवाह | १०६,५२८,०६२ |
| लगानी गतिविधिहरूबाट / (प्रयोग गरिएको) नगद प्रवाह | |
| सम्पत्ति, बिरुवा र उपकरणको बिक्रीबाट प्राप्त लाभांश | |
| प्राप्त लाभांश | |
| सम्पत्ति, बिरुवा र उपकरणको अधिग्रहण | (८४,४५२,९९९) |
| अमूर्त वस्तुहरूको खरिद | - |
| अमूर्त सम्पत्तिहरूको खरिद/निर्माणको लागि अग्रिम | (२,५५८,७९०) |
| खुद नगद प्रवाह लगानी गतिविधिहरूबाट [B] | (८७,०११,७८९) |
| वित्तीय गतिविधिहरूबाट नगद प्रवाह | |
| सापटी | (२०,६०४,६१७) |
| जारी गरिएका शेयरहरू | - |
| शेयरहरूको लागि अग्रिम | - |
| वित्तीय गतिविधिहरूबाट खुद नगद प्रवाह ृत्रे | (२०,६०४,६१७) |
| नगद र नगद बराबरमा वृद्धि/(घटना) [A+B+C] | (१,०८८,३४४) |
| नगद र नगद बराबरमा खुद विदेशी मुद्रा भिन्नता | |
